का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ असोज २०८१,
सोमबार
7 October, 2024
Monday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

दशैं विशेष थप ८ पृष्ठ

वर्ष २२, अंक २३७ । पृष्ठ १०+८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# संकट थेग्ने गाउँ सरकार

जब प्राकृतिक विपद् आउँछ तब स्थानीय सरकारका जनप्रतिनिधिहरुको भूमिका अहमरुपमा देखा पर्ने सरोकारवालाहरु बताउँछन् । चाहे नोवेल कोरोना भाइरस महामारीको समयमा होस् चाहे बाढी, पहिरो र डुबानको समयमा होस् स्थानीय तहले ठूलो विपद्लाई न्यून गर्न भूमिका खेलेका छन् ।



पाल्पा रामपुर नगरपालिका वडा नं १० का नागरिकलाई वडाबाट भत्ता वितरण गर्दै नगर प्रमुख रमणबहादुर थापा । तस्बिरः सुशीला रेग्मी/रासस



विपद्का बेला नागरिककहाँ पुग्ने वा सँगै रहने सत्ता भनेकै स्थानीय सरकार हो । जसले आफ्नो भूमिका हरेक संकटमा निभाएको छ ।

■ **खिमबहादुर थापा**
**महासचिव**
**गाउँपालिका महासंघ**

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं २०, असोज ।

यस वर्षको अविरल वर्षाले काभ्रेको बेथानचोक गाउँपालिका अति प्रभावित भयो । लगत्तै गाउँपालिकाका अध्यक्ष भगवान अधिकारी फिल्डमा खटिए । प्रभावितको उद्धार, मृतकको व्यवस्थापन, खानपानको व्यवस्था, संघीय सरकार र सरोकारवालासँग समन्वय आदिमा उनी खटिइरहेका छन् ।

अध्यक्ष अधिकारीका अनुसार बेथानचोकमा मात्रै ३०० भन्दा बढी घरमा पूर्ण क्षति भएको छ । ५०० बढी घरमा आंशिक क्षति भएको छ । १० जनाको मृत्यु भयो । सात जना बेपत्ता छन् । यो पालिकामा सबैभन्दा बढी क्षति भएको वडा नम्बर २, ३ र ४ हो । ३० वटा स्कुलमा क्षति पुगेको छ । एउटा कलेजमा क्षति पुगेको छ । एउटा निजी स्कुलमा क्षति पुगेको छ ।

पहिरोले पालिकामा एकैपटक विद्युत, सडक सेवा र संचार क्षेत्रमा समस्या भयो । एक प्रकारले कसैसँग सम्पर्क हुन नसक्ने, सडक संजाल नभएको र विद्युत पनि नभएको समाज जस्तो हुन पुग्यो । न कसैसँग सम्पर्क न खाने बस्ने ठाउँ र उद्धारका लागि जाने अवस्था छ ।

यस्तोमा पालिका अध्यक्ष अधिकारीसहितका जनप्रतिनिधि खटिए । बिहानदेखि रातिसम्मै र केही दिन नसुतेरै उनीहरु सडक बनाउन, विद्युतका पोल गाड्न र विद्युत सेवा सूचारु गर्नमा लागे । नेपाल विद्युत प्राधिकरण र नेपाल दुरसंचार प्राधिकरणको सहयोगमा पेट्रोलियम पदार्थ बोकी लगेर जेनेरेटरमा राखेर संचार सेवा जोड्न सफल भए । यी सबै कार्यमा स्थानीय जनप्रनिधिको भूमिका अहम रह्यो ।

यस्तै भूमिका विपद्ले क्षति पुगेका सबै पालिका र अन्य पालिकाका जनप्रतिनिधिले पनि खेलेका छन् । यसमा स्थानीय सरकारलाई प्रदेश र संघका जनप्रनिधिले समेत सघाएका छन् ।

हाल विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहत वितरण जारी छ । प्रभावित क्षेत्रमा विशेष योजनाका पुनःस्थापना र पुनःनिर्माण गर्ने योजनाका साथ लाग्न सरकारले विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको छ ।

विपद् संकटग्रस्त क्षेत्रमा काभ्रेपलाञ्चोकका बेथानचोक गाउँपालिकासहित रोशी गाउँपालिका, पनौती नगरपालिका, तेमाल गाउँपालिका, नमोबुद्ध नगरपालिका, मण्डनदेउपुर नगरपालिका, चौरीदेउराली गाउँपालिका र महाभारत गाउँपालिका परेका छन् ।

ईपेपर हेर्न

बाढी पहिरोबाट अति प्रभावित भएर विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका स्थानीय तहहरूमा ललितपुरको बागमती गाउँपालिका, कोन्ज्योसोम गाउँपालिका र गोदावरी नगरपालिका पनि परेको छ । यही असोज ११ र १२ गतेको अविरल वर्षका कारण गएको बाढी, पहिरो र डुबानले पाँचथरको फिदिम नगरपालिका, फालेलुङ गाउँपालिका, फाल्गुनन्द गाउँपालिका, ओखलढुंगाको चम्पादेवी गाउँपालिका र सुनकोशी गाउँपालिका, उदयपुरको वेलका नगरपालिका पनि प्रभावित भएको छ ।

धादिङको बेनिघाट रोराङ गाउँपालिका, नेत्रावती डबजोङ गाउँपालिका, धुनिवेशी नगरपालिका र गजुरी गाउँपालिका, दोलखाको गौरीशंकर गाउँपालिका, बिगु गाउँपालिका, शैलुङ गाउँपालिका, रामेछापको मन्थली नगरपालिका, रामेछाप नगरपालिका, खाँडादेवी गाउँपालिका, दोरम्भा शैलुङ गाउँपालिका, सुनापति गाउँपालिका, लिखु तामाकोशी गाउँपालिका, गोकुलगंगा गाउँपालिका र उमाकुण्ड अति

>>> पृष्ठ २ मा

# क्रिकेटले लिएको उचाई

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० असोज ।

केही समय अघिसम्म खेलाडीहरुलाई नियमित तलब समेत दिन नसक्ने अवस्थाबाट गुज्रिएको नेपाली क्रिकेट अहिले सार्वजनिक बोलकबोल गरेर लाखौंमा खेलाडी अनुबन्धित गर्ने अवस्थासम्म पुगेको छ ।

आगामी १५ मंसिरदेखि ६ पुससम्म चल्ने नेपाल प्रिमियर लिग (एनपीएल) का लागि आइतबार अक्सन भएको छ । आठ टीमले अक्सनबाट ८० खेलाडी खरीद गरेका छन् । अर्थात् हरेक टीमले दश खेलाडी खरीद गरेका हुन् ।

खेलाडीहरुलाई तीन क्याटागोरीमा राखेर अक्सन गरिएको थियो । त्यसरी अक्सन गरिएका मध्ये 'ए' क्याटागोरीमा परेका गुल्शन झा, लोकेश बम, प्रतिश




जिसी, अनिलकुमार साह, ललितनारायण राजवंशी, आरिफ शेख, सन्दीप जोरा लगायत क्रिकेटर १५ लाखमा खरीद भए ।

अरु खेलाडीहरुले यो भन्दा मुनिको मूल्य पाए । कयौं खेलाडीले दश लाख भन्दा माथिको मूल्य पाए । राष्ट्रिय टीमका ८ खेलाडीलाई यसअघि मार्की प्लेयर तोकिएको थियो ।

रोहितकुमार पौडेल, सन्दीप लामिछाने, दिपेन्द्रसिंह ऐरी, करण केसी, सोमपाल कामी, कुशल मल्ल, कुशल भुर्तेल र आसिफ शेखले मार्की प्लेयरका रुपमा २०/२० लाख पाउने निश्चित भएको थियो । आइतबार बाँकी राष्ट्रिय टीमका लगभग सबै खेलाडीले १५ लाख पाए । गुल्शन, अनिल,

>>> पृष्ठ २ मा

## प्रधानन्यायाधीशमा राउत

# न्यायपालिकाको गरिमा बढाउने प्रतिबद्धता



पाँच वटा बुँदाहरु लक्ष्यका रुपमा निर्धारित गरेको छु । ति हुन्- छिटो छरितो गुणस्तरीय न्याय, न्यायमा पहुँच, न्यायिक सुशासन, जनआस्थामा अभिवृद्धि, सूचना प्रविधिको प्रचुर प्रयोग र मानव संसाधन र भौतिक पूर्वाधार पूर्वाधार लक्ष्य ।

**प्रकाशमानसिंह राउत**
**नवनियुक्त प्रधानन्यायाधीश**

**शिव विक/मध्यान्ह**
काठमाडौं २०, असोज ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले शपथ लिएका छन् । संघीय संसदको संसदीय सुनुवाइ समितिले अनुमोदन गरेपछि राष्ट्रपति रामचन्द्र पौडेलले राउतलाई नवनियुक्त प्रधानन्यायाधीशको पद तथा गोपनीयताको शपथ गराएका हुन् ।

३१ भदौमा संवैधानिक परिषदको बैठकबाट प्रधानन्यायाधीशमा सिफारिस भएका राउतलाई यही असोज १६ गते संसदीय सुनुवाइ समितिले अनुमोदन गरेको थियो । सुनुवाइ समितिबाट अनुमोदित भएका राउतलाई आइतबार राष्ट्रपति पौडेलले राष्ट्रपति भवन शीतल निवासमा शपथ खुवाएका हुन् ।

निवर्तमान प्रधानन्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ यही असोज १८ गते अवकासमा गएका थिए । त्यसपछि राउत प्रधानन्यायाधीश भएका हुन् । अब प्रधानन्यायाधीशको रुपमा राउतको कार्यकाल साढे एक वर्ष रहनेछ । नवनियुक्त

>>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# तत्कालै विदेशी कामदार खुलाउन मलेसियामा दबाब

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालाम्पुर, मलेसिया, २० असोज ।

आन्तरिक तथा बढ्दो बाह्य लगानीका कारण स्थापित नयाँ उद्योगलाई विदेशी कामदारको दबाब बढेको भन्दै मलेसियाली रोजगारदाताहरूले रोकिएको नयाँ एप्रुभल खुला गर्न सरकारसँग माग गरेका छन् । मलेसियाले अवैधानिक विदेशी कामदार वैधानिक वा स्वदेश फिर्ता गरेर आगामी नयाँ वर्ष अर्थात आगामी जनवरीबाट नयाँ विदेशी कामदारको एप्रुभल खुलाउने कतिपयको विश्लेषण छ ।

तर रोजगारदाताहरूले नयाँ कामदारको एप्रुभल तत्कालै खुला नगरेको अवस्थामा त्यसले मलेसियाको अर्थतन्त्रमा नकारात्मक असर पार्ने बताएका छन् । मलेसिया सरकारले कूल श्रम जनशक्तिको १५ प्रतिशत मात्रै विदेशी कामदार राख्ने नीति लिएको छ ।

हाल मलेसियाको खाद्य तथा पेय पदार्थको क्षेत्रमा विदेशी कामदार पर्याप्त भएपनि वृक्षारोपण, उत्पादन तथा अन्य क्षेत्रमा तत्कालै थप जनशक्तिको खाँचो रहेको निजी क्षेत्रले बताएको छ । मलेसियाको रोजगारी बन्द हुँदा नेपालबाट जाने क्रममा पनि ठूलो गिरावट आएको छ ।

एसोसिएटेड चाइनिज चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री

>>> पृष्ठ २ मा

### इजरायल र लेबनानमा रहेका नेपाली दूतावासहरुलाई परराष्ट्रमन्त्रीको निर्देशन

काठमाडौं/रासस- परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले इजरायल र लेबनानमा रहेका नेपालीहरुको अवस्थाबारे जानकारी लिएर 'अपडेट' भइरहन त्यहाँस्थित नेपाली दूतावासहरुलाई निर्देशन दिएकी छन् ।

ती देशमा अवस्थित नेपाली राजदूतहरुसँग आइतबार मन्त्रालयबाट भर्चुअल बैठक गरी इजरायल र लेबनानमा विकसित पछिल्लो परिस्थितिका बारेमा जानकारी लिएपछि उक्त निर्देशन दिएकी हुन् । सो बैठकमा मन्त्री डा राणाले पछिल्लो समयमा विशेषगरी लेबनानमा विकसित

>>> पृष्ठ २ मा




# एनआरएनएद्वारा दक्षिणकाली र सिस्नेरीका बाढी तथा पहिरो प्रभावितलाई राहत वितरण

**काठमाडौं/मस–** गैरआवासीय नेपाली संघ (एनआरएनए) ले काठमाडौंको दक्षिणकाली नगरपालिका र मकवानपुरको इन्द्रसरोवर गाउँपालिका, सिस्नेरीमा बाढी, डुबान तथा पहिरोबाट प्रभावित १ सय २० परिवारलाई राहत वितरण गरेको छ।

बाढी, डुबान तथा पहिरोका कारण प्रभावितहरुलाई संघको तर्फबाट दक्षिणकालीका ५० परिवार र इन्द्रसरोवर गाउँपालिका, सिस्नेरीका ७० परिवारलाई खाद्य सामग्री, लत्ताकपडा, कम्बल, म्याट्रेस, त्रिपाल, सोलार बत्ती, हाइजिन किट लगायतका सामग्रीहरु वितरण गरिएको हो।

स्थानीय तहसँग समन्वय पश्चात दुवै जिल्लाका अति प्रभावित स्थानमा राहत वितरण गरिएको हो। यसअघि संघले अविरल वर्षापछि आएको बाढी, डुबान तथा पहिरो प्रभावितका लागि १ करोड सहयोग गर्ने घोषणा गरेको थियो। जसअनुसार आइतबार पहिलो चरणमा दक्षिणकाली नगरपालिका र मकवानपूरको इन्द्रसरोवर गाउँपालिका, सिस्नेरीमा राहत वितरण गरिएको हो। यस्तै सोमबार काभ्रेको पनौती नगरपालिका र बुधबार ललितपूर ठोस्नेखोलामा राहत वितरण गर्ने तयारी पुरा भएको छ। संघले तराईका विभिन्न जिल्लामा पनि राहत वितरणका लागि स्थानीय तहसँग समन्वय गरिरहेको छ। यस्तै प्रधानमन्त्री दैवी प्रकोप उद्दार कोषमा समेत संघले आर्थिक सहयोग गर्ने निर्णय भइसकेको छ।

अध्यक्ष डा.बद्री केसीको नेतृत्वमा संघको तर्फबाट गएको टोली उपाध्यक्ष रोजिना प्रधान राई, उपाध्यक्ष रामशरण सिम्खडा, उपमहासचिव सोम सापकोटा, सहकोषाध्यक्ष कृष्ण प्रसाद तिमिल्सिना आइसीसी सदस्यहरु हेमन्त काफ्ले, राजकुमार थापा, पूर्व महासचिव रतन झा, सल्लाहकार अतुल कोइराला, पूर्व डिआरसी धर्मराज गिरी, एनआरएन अभियन्ता समिरा केसी, स्वयम्भूराज डंगोल, प्रदीप खनाल क्षेत्री, सीता खतिवडा, प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कुमार राउत, अधिकृत कुनाल मिश्र लगायत थिए।

---

## संकट...

प्रभावित छ। सिन्धुलीको गोलन्जोर गाउँपालिका, सुनकोशी गाउँपालिका र फिक्कल गाउँपालिका, मकवानपुरको इन्द्रसरोवर गाउँपालिका, बकैया गाउँपालिका, चितवनको भरतपुर महानगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकालाई पनि विपद् संकटग्रस्त क्षेत्र हो।

यी क्षेत्रका जनप्रनिधिहरू नागरिकको सेवाका लागि अहोरात्र खटिएका छन्। गाउँपालिका महासंघका महासचिव खिमबहादुर थापाका अनुसार 'विपद् र कुनै पनि संकटका बेला नागरिककहाँ पुग्ने वा सँगै रहने सत्ता भनेकै स्थानीय सरकार हो। जसले आफ्नो भूमिका हरेक संकटमा निभाएको छ।'

## क्रिकेटले...

लोकेश लगायत केही क्रिकेटर लिन होड नै चलेको थियो। प्रचार पनि त्यसरी नै भयो। यसको अर्थ नेपालको क्रिकेट इतिहासमा पहिलोपटक यसरी सार्वजनिक बोलकबोल मार्फत् क्रिकेटरहरु अनुबन्धित भएका छन्। त्यसो त केही समय अघिसम्म नियमित तलब पाउन समेत मुस्किल रहेका क्रिकेटरहरु अहिले गजब कमाइ गरिरहेका छन् भने राष्ट्रिय चर्चा उस्तै पाइरहेका छन्।

## प्रधानन्यायाधीशमा...

प्रधानन्यायाधीश राउतले न्यायपालिकाको गरिमा बढाउने प्रतिवद्धता जनाएका छन्।

आइतबार सर्वोच्च अदालतमा प्रधानन्यायाधीशको कार्यभार सम्हालेपछि उनले अबको न्यायपालिका गरिमामय हुने बताए। न्यायालय लयमा फर्किएको उल्लेख गर्दै अब न्यायालयले फड्को मार्ने बताए।

'अबको न्यायालय एकदम गरिमाय हुनेछ। समृद्ध बनाउने प्रयत्न हुन्छ, मर्यादायुक्त हुन्छ' उनले भनेका छन्।

निष्ठाले ओतप्रोत न्यायाधीशहरूको टिमले आफ्ना कामद्वारा प्रश्नहरूको जवाफ दिने पनि उनको विश्वास छ। उनले न्यायपालिका लयमा फर्कन सर्वोच्चमा रहेका न्यायाधीश र कर्मचारीहरूको संयुक्त प्रयासले सम्भव भएको बताए। आफूसँग सक्षम न्यायाधीश र कर्मचारीको टिम रहेको उनले बताएका हुन्।

पाँचौं पञ्चवर्षीय रणनीतिक योजनाअनुसार नै न्यायालयको सुधार हुनेमा जोड दिँदै नवनियुक्त प्रधानन्यायाधीश राउतले न्यायपालिकाको गरिमा बढाउने प्रतिवद्धता दोहोर्‍याएका छन्।

राउत न्यायालयको सुधारका निम्ति विकृति, विसंगतिको अध्ययन गर्न गठित पूर्वप्रधानन्यायाधीश हरि कृष्ण कार्कीको समितिका सदस्य समेत थिए। उक्त प्रतिवेदनले औँल्याएका कमी-कमजोरी पनि सच्याउँदै यसप्रति नागरिक आस्था पर्काउने पनि उनको प्रतिवद्धता छ।

प्रधानन्यायाधीश जस्तो हैसियतमा पुग्नु आफ्ना लागि ऐतिहासिक दिन बनेको उल्लेख गर्दै उनले नेपालको न्यायालयलाई लयमा फर्काएको र यसलाई समृद्ध बनाउनका लागि आफूहरू लागि परिरहेको बताए।

उनले भनेका छन्, 'मेरो लागि आज ऐतिहासिक दिन हो। किनभने देशको प्रधानन्यायाधीशको हैसियतमा छु। नेपालको न्यायालय अहिले लयमा फर्किएको छ। सुखद् र गौरवको विषय हो। यसलाई समृद्ध बनाउनु पर्छ। त्यसको लागि हामी लागि परेका छौं।'

पत्रकार सम्मेलनमा राउतले बिभिन्न पाँच बुँदे लक्ष्य समेत सुनाएका छन्।

'पाँच वटा बुँदाहरु लक्ष्यका रुपमा निर्धारित गरेको छु। छिटो छरितो गुणस्तरीय न्याय, न्यायमा पहुँच, न्यायिक सुशासन, जनआस्थामा अभिवृद्धि, सूचना प्रविधिको प्रचुर प्रयोग र मानव संसाधन र भौतिक पूर्वाधार पूर्वाधार लक्ष्य हुन् र पवित्र पनि छन्' नवनियुक्त प्रधानन्यायाधीश राउतले भनेका छन्।

## तत्कालै ...

अफ मलेसियाका अध्यक्ष तान श्रीलो कियान चुआनले राष्ट्रिय अर्थतन्त्रको सुधारको अवस्थामा थप विदेशी कामदार तत्काल भर्ना गर्न आवश्यक रहेको बताए। उनले भने, 'विदेशी लगानीको बढ्दो प्रवाह र स्वदेशी अर्थतन्त्रको उच्च गतिमा सुधारसँगै विदेशी कामदारको माग बढ्ने अपेक्षा गरिएको छ। सरकारले प्लान्टेशनलगायतका विशेष क्षेत्रमा विदेशी कामदारका लागि तत्कालै नयाँ आवेदन अनुमति दिनुपर्छ।'

उनले मलेसियामा कूल श्रमशक्तिको १५ प्रतिशतमा विदेशी कामदारको संख्या सीमित गरिएको राष्ट्रिय नीति सुनिश्चित गर्दै विदेशी कामदारहरूको अनुपातलाई नजिकबाट अनुगमन गर्न र थप गर्न आवश्यक रहेको बताए। एसएमई एशोसिएसन अफ मलेसियाका अध्यक्ष चिन ची सियोङले सरकारले विदेशी कामदार भर्नामा प्रतिबन्ध लगाउनुको साटो निश्चित उद्योगको आवश्यकतालाई ध्यानमा राख्नुपर्ने धारणा राखे। उनले उत्पादनदेखि प्लान्टेशनका लागि विदेशी कामदारलाई आवश्यकता पर्दा उद्योगहरूबीच आदानप्रदान गरी सन्तुलन मिलाउने अनुमतिका लागिपनि सरकारले गम्भीरतापूर्वक हेर्नुपर्ने बताए। उनले वृक्षारोपण क्षेत्रमा अझै पनि विदेशी कामदारको ठूलो अभाव रहेको बताए।

मलेसियाली व्यापार महासंघका अध्यक्ष दातुक सेरी अब्दुल मलिक अब्दुल्लाले पनि विदेशी कामदारको कोटा स्वीकृत गरी १८ महिनासम्म भित्र्याउन दिने सरकारी नियम राम्रो भएपनि एक्कासी विदेशी कामदार भर्ना गर्न बन्द गर्ने घोषणाले उद्योगमा असर परेको टिप्पणी गरे।

विदेशी कामदारहरू घटाउने सरकारको नीति रोजगारदाताहरूले बुझेको, तर स्थानीय कामदारहरूले फोर डी भनिने कठिन, फोहोर, खतरनाक, अपमानजनक क्षेत्रमा काम गर्न नमान्ने भन्दै रोजगार करार अवधि पूरा गरेर स्वदेश फर्कने विदेशी कामदारको प्रस्थान अनुमति 'एक्जिट मेमो' दिनासाथ त्यसको ठाउँमा नयाँ कामदार भर्नाको अनुमति पनि सँगसँगै दिनुपर्ने माग गरे। उनले भने, 'सबै कामदारहरूलाई लामो समयसम्म काममा लगाउन सकिँदैन, उनीहरूले पनि लामो समय काम गर्नपनि सक्दैनन् भन्ने सरकारले बुझ्नुपर्छ।'

## इजरायल...

परिस्थितिका कारण त्यहाँ रहेका नेपालीको अवस्थाबारे नेपालमा चिन्ता बढिरहेकाले उनीहरु र उनीहरुका परिवारको सम्पर्कमा रहेर आवश्यक सहयोग गर्न निर्देशन दिइन्।

मन्त्री डा राणाले भनिन्, 'कुनै पनि प्रकारले त्यहाँ रहेका सबै नेपालीहरुको सम्पर्कमा पुग्ने प्रयास गर्नु, कोही तत्कालै स्वदेश फर्कनका लागि सहयोग चाहनुहुन्छ भने त्यसका लागि समन्वय गर्नु र यदि त्यहाँबाट नेपाली नागरिकको उद्धार गरेर स्वदेश ल्याउनुपर्ने अवस्था आउनसक्छ भने त्यसका लागि पनि आवश्यक गृहकार्य गर्नु।'

मन्त्री डा राणाले सम्बन्धित देशका दूतावासहरुलाई सूचना जारी गरी सम्पर्क व्यक्ति तोक्न र आवश्यकताअनुसारका 'हेल्पडेस्क' स्थापना गरेर समस्यामा परेका नेपालीलाई आवश्यक सहायता र समन्वय प्रदान गर्न निर्देशन दिइन्।

इजिप्टका लागि नेपाली राजदूत सुशील लम्सालले लेबनानको पछिल्लो अवस्थाको जानकारी गराउँदै त्यहाँ रहेका नेपालीहरुलाई अहिले नै त्यस्तो कुनै समस्या नरहेको बताए। त्यहाँ हाल करिब एक हजार दुई सय नेपाली रहेका अनुमान गरिएको र उनीहरुमध्ये अधिकांश घरायसी काममा रहेको जानकारी दिँदै दूतावासले जारी गरेको सूचनाका आधारमा तीन जना मात्र सम्पर्कमा आएको र उनीहरु पनि बेरुतमा सुरक्षित रहेको जानकारी दिएको उनले बताए। हाल कुनै पनि नेपालीले आफूलाई समस्या परेको भनी जानकारी नगरेको, तर नेपालमा रहेका आफन्तहरु बढी चिन्तित भएको पनि उनले जानकारी दिए।

इजरायलका लागि नेपली कार्यवाहक राजदूत कुमार श्रेष्ठले इजरायलको अवस्था सामान्य रहेको र त्यहाँ रहेका करिब चार हजार पाँच सय नेपाली सुरक्षित रहेको बताए। सो अवसरमा पाकिस्तानका लागि नेपाली राजदूत तापस अधिकारीले इरानको पछिल्लो अवस्थाबारे जानकारी दिएका थिए।

# बजार अनुगमन टोलीसँगै पुगे उद्योगमन्त्री भण्डारी



**काठमाडौं/मस–** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले नियमित रुपमा बजार अनुगमन गर्दै आइरहेको छ। विभागले एक महिनाको अवधिमा एक हजार बढी ठाउँमा अनुगमन गरिसकेको छ।

विभागले आइतबार काठमाडौंको कालिमाटी तरकारी तथा फलफुल बजारमा अनुगमन गरिरहेका बेला उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी पुगे।

अनुगमनका क्रममा अस्वभाविक महंगी र व्यापारमा अनियमितता गरिरहेका केही पसलहरुलाई सिल गर्न मन्त्री भण्डारीले निर्देशन दिएका छन्। व्यापारीले खरिद मूल्यभन्दा अत्यधिक नाफा राखेर सामान बिक्री वितरण गरेको पाइएको छ भने, बिलबिजक बिनै कारोबार गरेको पाइएको छ। केही तरकारी र मासुजन्य पसलहरुले सरसफाइमा पटक्कै ध्यान नदिएको पाइएको छ।

माछामासु अव्यवस्थित रुपले फ्रीजिङ गरिएको तथा सरसफाइमा ध्यान नदिएको पाइएको हो। अनुगमन टोलि जाँदा व्यापारीहरु पसल बन्द गरी भाग्ने र अनुगमन टोलीलाई असहयोग गरेको पाइएको छ।

बजारमा भेटिएका उपभोक्ताहरुले खरिद मूल्य भन्दा १० गुणा बढीसम्म नाफा राखेर बिक्री गर्ने गरेर उपभोक्ता ठग्ने कार्य भइरहेकाले यस्ता व्यापारीलाई कारबाही गर्न माग गरेका छन्। मन्त्री भण्डारीले गुनासो आएका ठाउँहरुमा अनुगमन गरी तत्काल कारबाही गरिरहेको बताए। उनले र्षाका कारण श्रृजित प्राकृतिक विपदको पीडा भोगिरेका उपभोक्ता नठग्न व्यवसायीहरुलाई आग्रह गरे। उनले अस्वभाविक ढंगले कानून विपरित व्यवसाय सञ्चालन गर्ने व्यापारिलाई कारबाही गर्न मातहतका निकायलाई निर्देशन दिए।


**युएईमा रोजगार** | **कम्पनी: Libra Building Security Services** **शहर: UAE**

पूर्व स्वीकृत मिति: २०८१/०६/२० चलानी नं.: ६०२२६३४४ L.T. No.: 311877

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1200 | ४३,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असोज २८ गते (14 October 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ७३०/०६४/०६५

**PRESTIGE ASSOCIATES PVT. LTD.**
Baneshwor, Kathmandu, Nepal, Phone No. : 4104101 | 4466770 | 9702624732
Butwal: 9845518018 | 9823098837 | 9804411698, Itahari: 9804397021 | 9810436524


*"समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार"*

## छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**शुक्रबारे, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

### करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मिति: २०८१/०६/२१ गते)**

यस छथर गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्था तथा वडा कार्यालयमा रिक्त रहेका निम्न पदका लागि तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र (२०८१/०७/०५) माग बमोजिमका विवरण, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

**१. विज्ञापन नं., पद र माग संख्या:**

| सि. नं. | वि. नं. | पद | श्रेणी/तह | माग संख्या | आवेदन दस्तुर | परिक्षाको किसिम | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०१-०८१/०८२ | स्टाफ नर्स | सहायकस्तर पाँचौं | १ | ६००।- | लिखित र अन्तरवार्ता। | |
| २. | ०२-०८१/०८२ | एम्बुलेन्स चालक | श्रेणी बिहिन | १ | ४००।- | अन्तरवार्ता। | |
| ३. | ०३-०८१/०८२ | कार्यालय सहयोगी | श्रेणी बिहिन | २ | ४००।- | अन्तरवार्ता। | |

**आवश्यक न्युनतम योग्यता:**

**२. स्टाफ नर्सका लागि आवश्यक न्युनतम योग्यता:**
क) नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण भएको हुनुपर्ने छ।
ख) नेपाल नर्सिङ काउन्सिलमा दर्ता/नविकरण भएको हुनुपर्ने छ।
ग) उम्मेदवारको उमेर हद मिति २०८१/०७/०५ गतेसम्ममा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने छ।

**३. एम्वुलेन्स चालकका लागि आवश्यक न्युनतम योग्यता:**
क) साधारण लेखपढ गर्न सक्ने र हलुका सवारी चालकको अनुमति पत्र (लाईसेन्स) दर्ता/नविकरण गरेको हुनुपर्ने छ।
ख) कार्य अनुभव कम्तिमा ५ (पाँच) वर्षको हुनुपर्ने छ।
ग) उम्मेदवारको उमेर हद मिति २०८१/०७/०५ गतेसम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने छ।

**४. कार्यालय सहयोगीका लागि आवश्यक न्युनतम योग्यता:**
क) साधारण लेखपढ गर्न सक्ने।
ख) उम्मेदवारको उमेर हद मिति २०८१/०७/०५ गतेसम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ।

**५. दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरु:**
क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी। ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी। ग) ३ तिन प्रति पासपोर्ट साईजको फोटो। घ) कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

**६. तलव, सुविधा तथा अन्य सेवा शर्त:** करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

**७. दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान:** छथर गाउँपालिका कार्यालयको वेभसाइट www.chhatharmun.gov.np बाट डाउनलोड गरी दरखास्त फारम प्राप्त गर्न सकिने छ। साथै यस कार्यालयबाट समेत दरखास्त फारम प्राप्त गर्न सकिनेछ।

**८. परीक्षा दस्तुर बुझाउने प्रक्रिया:** छथर गाउँपालिकाको राजस्व फाँटमा वा नविल बैंकमा रहेको यस छथर गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २१२०१०१७५०००२५ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

**९. परीक्षा सञ्चालन हुने मिति, समय र स्थान:** सूचना प्रकाशन गरिने छ।

१०. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकालाई हुनेछ।

११. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा छथर गाउँपालिका, प्रशासन शाखा तथा टेलिफोन नं ०२६-४२००९९ मा सम्पर्क गरी बुझ्न सकिने छ।

**नोट:** दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयभित्र दरखास्त पेश गर्नु पर्नेछ।

## Invitation for Sealed Quotation

## Turmakhand Rural Municipality
## Office of Rural Municipal Executive

**Turmakhand, Achham**

**Invitation for Sealed Quotation for the procurement of Medicine and Surgical Items**

**Sealed Quotation No: TRM/SQ/G/M/01/081-082**

**Date of first Publication: 2024/10/07 (2081/06/21 BS)**

1. The Office of Rural Municipal Executive, Turmakhand, Achham invites sealed quotations from registered Suppliers for the supply and delivery of Medicine and Surgical Items.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rural Municipal Executive, Turmakhand, Achham, Contact no 9860055998/9858029556 or may visit PPMO website www.bolpatra.gov.np.]
3. A complete set of Bidding Documents may be purchased from the office of Rural Municipal Executive, Turmakhand, Achham by eligible Bidder the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 22 oct 2024 (2081/07/06 BS) during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account

   **Name of the Bank : Nabil Bank, Turmakhand, Achham**
   **Name of Office : Turmakhand Gaunpalika, Achham**
   **Office Account no. : Ga 1.1 07901017500528 (Aantarik Rajaswa Khata)**

5. Sealed bids must be submitted to the Office of Rural Municipal Executive, Turmakhand, Achham by hand or through PPMO's e-GP system www.bopatra.gov.np/egp on or before 12:00 hours on 2024.10.22 (2081/07/06 BS). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2024.10.22 (2081/07/06 BS) at the office of Rural Municipal Executive, Turmakhand, Achham. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 85500, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Account No. Ga 3 07901017500543 at Nabil Bank Turmakhand Branch, Achham and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Executive Officer**

# बजेट अभावको चपेटामा सालभण्डी–सधिखर्क–ढोरपाटन सडक

सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची २० असोज



२०६६ सालदेखि निर्माण शुरु भएको सालभ्रूण्डी-सन्धिखर्क ढोरपाटन सडकको १९ सय ७ किलोमिटर सडकमध्ये अहिलेसम्म १८ किलोमिटर सडक कालोपत्रे सम्पन्न भएको छ। यो सडकको धेरै खण्ड ग्राभेल भएको छ भने कच्ची सडकको काम सकिएको सडक योजना प्रमुख गागल बहादुर भण्डारीले बताए। करिब ८ अर्बको डीपीआर भएको सडकमा आ.व २०८०/८१ मा शुरु बजेट मात्र १७.८७ करोड विनियोजन भएको र सोही आ.व.मा ५०.८७ खर्च भएको थियो। आर्थिक वर्ष २०८१/८२ मा मन्त्रालयले ४५ करोड बजेट विनियोजन गरेकोमा गत आ.व.२०८०/८१ को दायित्व रकम रु.१६ करोड ६४ लाख भुक्तानी भइसकेको र योजनामा २८.३६ करोड बजेट मात्र बाँकी रहेको कारण काम गर्न बजेटको समस्या भएको योजनाका भण्डारीले बताए। निर्माण गर्न लागेको १३ वर्षको अवधिमा भण्डै ३ अर्ब ५ करोड रुपैयाँ खर्च भएको सालभ्रूण्डी-सन्धिखर्क सडक योजना प्रमुख भण्डारीले मध्यान्हलाई जानकारी दिए। यो सडक अन्तर्गत पर्ने १० पुलमध्ये अब दुई वटा पुल बन्न बाँकी छन् भने बाग्लुङ जिल्लामा पर्ने बौलाहा बाँसे खोला र दोवल खोलाको लागि पुल निर्माणको डिजाइन चरणमा रहेको योजना प्रमुख भण्डारीको भनाइ छ। सडकमा पर्ने ८ वटा पुलहरु निर्माण सम्पन भइसकेका छन्।

सन्धिखर्कको बजार क्षेत्रमा विवाद भएका कारण औंल्या खोलादेखि रुब्दी, बराह बुटासम्म ठेक्का निकाल्न समस्या भएको योजना प्रमुख भण्डारीको भनाइ छ। सुरुमा यही सन्धिखर्कको विवादले गर्दा काममा ढिलाइ भएको थियो। पछि टुक्रा-टुक्रा गरेर ठेक्का र उस्तै गरी बजेट आएपछि यो सडक निर्माणले द्रुत गति लिन शुरु गरेको योजनाका इन्जिनियरहरु बताउँछन्।

सालभ्रूण्डी-ढोरपाटन सडक योजना कार्यालयको सिनियर डिभिजन इन्जिनियर भण्डारीले बजेट अभावकै कारण निर्माण कार्यले गति लिन नसकेको स्वीकार गरे। अहिले परियोजना अन्तर्गत चार वटा ठेक्काको काम भइरहेको छ। चारै वटा ठेक्का वहुवर्षे ठेक्का हुन्। सबै ठेक्कामा भुक्तानी दिने बजेट कार्यालयसँग नभएको र निर्माण व्यवसायी समेत पैसा नभएपछि काम गर्न उत्साहित नभएको कार्यालका लेखा प्रमुख योगेश पन्थीले गुनासो गरे।

यस योजना अन्तर्गत पुर्कोटदह-म्यालपोखरी सडकखण्ड, गुल्मीमा घर टहराको मुआब्जा तथा क्षतिपूर्तीका लागि जम्मा ३ करोड ८० लाख मूल्यांकन रकम निर्धारण भएको थियो। यसमध्ये गत आ.व. २०८०/८१ मा मुआब्जा तथा क्षतिपूर्ति शीर्षकमा विनियोजित बजेट रकम रु. एक करोड वितरणको कार्य सम्पन्न भएको र आ.व. २०८१/८२ मा जम्मा १५ लाख मात्र विनियोजन भएको लेखा प्रमुख पन्थीले बताए। सन्धिखर्क माटे भण्डार ७ किलोमिटर सडक र पुर्कोट अर्खाबाङ १९ किलोमिटर सडक गरी २६ किलोमिटर सडकको काम बिरुवा-पुस्पा बिल्डर्स कम्पनी अर्घाखाँचीले द्रुत गतिमा अगाडि बढाएको भएपनि काम अनुसार बिल भुक्तानी नपाउँदा काम गर्न अप्ठ्यारो परेको बिरुवा पुष्पा विल्डर्सका सञ्चालक इन्जिनियर मनोज बन्जाडेले मध्यान्हसँग गुनासो गरे। बाँकी ठेक्काहरु कञ्चन खोला, रुपन्देहीदेखि- खुसार्ने, पाल्पासम्म १३.५ किलोमिटर, खुसार्ने पाल्पादेखि पटौटी अर्घाखाँचीसम्म २२ किलोमिटर र बाग्लुङको बुर्तिवाङ्गदेखि फल्लेघरसम्म २२ किलोमिटरको ठेक्का रहेका छन्। बाग्लुङको बुर्तिवाङ्गदेखि फल्लेघरसम्मको २२ किलोमिटर ठेक्का निर्माण व्यवसायी स्वछन्द-ओम-बुद्धमार्फत भइराखेकोमा निर्माण व्यवसायीले योजनाबाट पटक-पटक ताकेता गरेता पनि काम गर्न ढिलाइ गरेको हुनाले समस्या परेको योजनाका इन्जिनियरहरु बताउँछन्। पुलको डिजाइन स्वीकृत भएपछि ठेक्काको चरणमा जाने तयारी भएको भएपनि अझै केही समय लाग्ने योजना प्रमुख भण्डारीको भनाइ छ।

वहुवर्षे ठेक्कामा जति काम निर्माण व्यवसायीले गर्न सक्छन्, उति रकम कार्यालयले दिनुपर्ने हुन्छ। कार्यालयमा बजेट अभाव भएपछि निर्माण व्यवासायीलाई काम गर्न ताकेता लगाउन नसकिने भएकाले काम गर्न दबाब दिन कठिन हुने साइटमा खटिएका कर्मचारीहरु बताउँछन्। खासगरी यो सडक ५ जिल्ला रुपन्देही, पाल्पा, अर्घाखाँची, गुल्मी, बाग्लुङ जिल्लालाई प्रत्यक्ष सहयोग पुऱ्याउने गौरवको सडक योजना भएपनि सरकारमा रहने उच्च तहका नेताहरुले ध्यान नदिएको कारण सडकमा बजेट अभाव भएको यहाँका जनताहरुको बुझाइ छ।

यी ५ जिल्लामा पर्यटन प्रवर्द्धनमा सघाउ पुग्ने उद्देश्यले सडकको निर्माण थालेपनि सरकारको बेवास्ता नेताहरुको दुरदृष्टि नपुग्दा सडकलाई आवश्यकपर्ने उचित बजेट पर्न नसकेको भन्दै स्थानीयवासी निराश बनेका छन्।

यो सडक निर्माण भएपछि बागलुङको पश्चिमी क्षेत्र, गुल्मीको पश्चिम क्षेत्र र अर्घाखाँचीका बासिन्दालाई बुटवल आउजाउ गर्न निकै छोटो दुरी र सहज हुने युवा व्यवसायी पुष्पा निर्माण सेवाका सञ्चालक इन्जिनियर मनोज बन्जाडे बताउँछन्।

यस्तै, प्युठानको पूर्वी क्षेत्र र रुकुम पश्चिमका स्थानीयवासी पनि यस सडकबाट प्रत्यक्ष लाभान्वित हुने छन्। बुद्ध जन्मस्थल लुम्बिनीदेखि बागलुङको ढोरपाटनलाई जोड्ने सालभ्रूण्डी-सन्धिखर्क-ढोरपाटन सडक निर्माण भएपछि लुम्बिनी भ्रमणमा आउने पर्यटकहरू ढोरपाटनसम्म सहजै पुग्न सक्ने र अर्घाखाँचीको व्यापार व्यवसाय समेत चलायमान हुने अपेक्षा गरिएको छ।

सडक योजनाको काम हेर्न कार्यालय प्रमुख भण्डारी दैनिक फिल्डमा पुगेर कामको अनुगमनमा खटिएका छन् भने सडकमा बजेट अभावको गुनासो बोकेर मन्त्रालयमा पुग्दा पनि कुनै सुनुवाइ नहुने गरेको कार्यालयका कर्मचारीहरु गुनासो गर्छन्।

# नगरप्रमुखद्वारा ८ सय परिवारलाई ग्यास सिलिन्डर वितरण

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट,२० असोज



रौतहट परोहा नगरपालिकाको-२ जिङडवामा ८ सय ग्यास सिलिन्डर सेट वितरण गरेको छ।

परोहा नगरपालिकाको नगर प्रमुख शेख वकिलको प्रमुख अतिथ्यमा प्रत्येक घरधुरीलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरिएको हो।

नगर प्रमुखको चुनावी प्रतिबद्धता अनुरुप परोहा नगरपालिकाको-२ मा प्रत्येक घर परिवारलाई ग्यास सिलिन्डर तथा चुल्हो वितरण गरिएको छ। नगर प्रमुख शेखको अतिथ्यतामा धुँवामुक्त, ग्याँस सिलिन्डर तथा चुल्हो वितरण कार्यक्रमको मैन बती बालेर उद्घाटन गरीएको थियो।

प्रथम प्राथमिकता दलित विपन्न, गरिब र अन्य समुदायका तथा आफ्नो नगरलाई धुँवामुक्त गर्नलाई आइतबारदेखि प्रत्येक घरधुरीलाई ग्यास सिलिण्डर तथा चुल्हो सेटसहित वितरण गरिएको युवा नेता शेख नौसादले बताए।

नगर प्रमुख शेखले सिलिण्डर, चुल्हो, रेगुलेटर, पाइप लाइटर लगायतका समान वितरण गरेको वडाध्यक्ष शेख सेराजले बताए।

नगर प्रमुख शेखको भनाइ अनुसार नगर भरिका घरपरिवारले अहिले पनि दाउराको प्रयोग गरी खाना पकाउने गरेको हो, त्यसका लागि धुँवामुक्त कार्यक्रम अन्तर्गतमा खरिद गरिएको ग्यास सिलिण्डर तथा चुल्हो सेट वितरण गरिएको हो।

पालिका भरीको करिब ७ हजार पाँच सय घर परिवारलाई उक्त ग्यास सिलिण्डर चुल्हो सेट वितरण गरिनेछ। गत आर्थिक वर्षमा वडा नं. १ का सम्पूर्ण घर परिवारलाई वितरण गरिएको तथा हाल वडा न. २ का करिव २ हजार ७० घरपरिवालाई वितरण गरिने तथा बाँकी सबैलाई एक दुई महिनाभित्र वितरण गर्ने मेयर शेखले बताए।

अहिलेको आधुनिक युगमा पनि गुँइठा र दाउराबाट खाना पकाउन बाध्य महिलाहरु विभिन्न रोगको शिकार हुने गरेको र आर्थिक अवस्था कमजोर भएकै कारणले ग्यास चुल्होबाट खाना पकाउन नसकेका घरपरिवारलाई लक्षित गरी यो योजना ल्याइएको नगर प्रमुख वकिलको भनाइ छ।

यस योजनाले गोबरबाट बनेको गुँइठा र दाउराको प्रयोगबाट खाना पकाउनुपर्ने बाध्यता हट्नुका साथै महिलाहरुको स्वास्थ्य सुधार हुने र धुँवामुक्त हुने विश्वास गरिएको इ. दिपेन्द्र यादवले बताए। पालिकाको वडा नं- २ को स्थानीय जनताहरुले ग्यास सिलिण्डर तथा चुल्हो सेट लगायतका सरसामानहरु पाउँदा हर्षित भएको स्थानीयले बताए।

# कपिलवस्तुको २ सय ३० घरपरिवारलाई यूएई सरकारको राहत

शहबाज खान/मध्यान्ह
कपिलवस्तु, २० असोज



कपिलवस्तुको कृष्णानगर नगरपालिका, महराजगञ्ज नगरपालिका तथा विजयनगर गाउँपालिकामा नदी कटान तथा बाढी प्राभावित २ सय ३० घर-परिवारलाई यूएई सरकारको सहयोगमा राहत वितरण भएको छ।

नेकपा एमालेका केन्द्रीय सल्लाहकार तथा पूर्वमन्त्री समेत रहेका अकबाल अहमद शाहले दूतावासका राजदूत अब्दुल्ला अल शम्सी लगायत सम्बन्धित निकायसँगको समन्वयमा राहत वितरण गरिएको बताए। पीडित परिवारको लागि नेपालमा रहेको दुबई दूतावासका राजदूत अब्दुल्ला अल शम्सीले दुबई सरकारको तर्फबाट खाद्यान्न सामग्री राहत वितरण गरेका छन्।

कपिलवस्तुको महराजगञ्ज नगरपालिका- १० हर्दौना गाउँका नदी कटान र बाढी प्रभावित ३८ घर-परिवार, कृष्णानगर नगरपालिका वडा नं ४ र १२ का ७८ घर-परिवार,विजयनगर गाउपालिका का वडा ३मा ३५ घर-परिवार, वडा ५ र ७ का ८० घर-परिवारहरुमा दुबई इमेरात रेड क्रिसेंटको तर्फबाट राहत सामग्री वितरण गरिएको पूर्व मन्त्री शाहले बताए। दुबई सरकारले नेपालमा प्राकृतिक विपत्ति समय वा अन्य समयमा समेत सहयोग गर्दै आएको छ। विपत्तिका बखत नेपाली जनतालाई दुबई सरकारले साथ र सहयोग गर्दै आएको छ।

दुबई सरकार र नेपाल सरकारको मित्रता सदैव कायम रहोस् भन्ने कामनाका साथ दुबईका राजा शैख मोहम्मद बिन राशिद अलमकतुम तथा राजदूत अब्दुल्ला अल शम्सीलाई पूर्वमन्त्री अकबाल अहमद शाहले व्यक्त गरे।

कपिलवस्तुका नदी कटान तथा बाढी प्रभावित क्षेत्रमा थप राहत वितरण हुने पूर्व मन्त्री शाहले प्रतिबद्धता समेत जनाए।

महराजगञ्ज नगरपालिका-१० हर्दौनामा राहत वितरण कार्यको प्रशंसा गर्दै स्थानीय समाजसेवी माबुद खाँ तथा मेयर पद प्रत्याशी रामदास चौधरीले हर्दौना गाउँका नदी कटान रोक्नका लागि छिटै पहल गर्नुपर्नेमा जोड दिएका छन्।

उनले समयमै ठोस पहल नभए पुरै गाउँ नै नदी कटानको उच्च जोखिममा रहेको बताए। यस्तै कृष्णानगर नगरपालिका वडा १२ तथा विजयनगर गाउपालिका वडा ३,५ र ७ का जनताहरुले पनि हाम्रो खेत जग्गा तथा फसल समेत प्रत्येक वर्ष नदी कटान तथा बाढीले फसल नोक्सानी भइ रहेको छ र यसको लागि सम्बन्धित निकायले समयमा ठोस पहल गरेन भने हामी जग्गा विहीन हुनेछु भन्दै आफ्नो दुःख सुनाए। राहत वितरणले पीडितलाई ठूलो सहयोग भएको भन्दै उनले प्रशंसा समेत गरे। पूर्व मन्त्री शाहको प्रयासमा दुबई सरकारले गरेको राहत वितरणले पीडित परिवारहरुलाई निकै सहयोग पुगेको भन्दै धन्यवाद समेत व्यक्त गरे।





विजया दशमी, शुभ दिपावली र छठपर्व २०८१
को शुभ उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति,
समृद्धि दीर्घजीवन एवम् उत्तरोत्तर प्रगतिका लागि
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं।

साथै यस लमजुङ अस्पताल, लमजुङमा पाठेघर तल खस्ने (Uterine Prolapse) को शल्यक्रिया निःशुल्क भइरहेको जानकारी गराउँदै मौकाको फाइदा उठाउनहुन अनुरोध गर्दछौं।

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
लमजुङ अस्पताल परिवार
लमजुङ



**CYPRUS मा रोजगार** **Throcon Services Ltd.** पुन विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/०१/१० चलानी नं. ६०२१८४७३ LT No. : 303532

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Euro | मासिक तलब ने. रु. |
|---|---|---|---|---|---|
| १. | Barman | 1 | 0 | 1200 | १,७७,६६७।- |
| २. | Chambermaid | 0 | 1 | 750 | १,११,०४५।- |
| ३. | Cooks | 5 | 0 | 1012 | १,४९,८३५।- |
| ४. | Domestic worker | 0 | 2 | 400 | ५९,२२५।- |

अन्तरवार्ता २०८१ असोज २८ गते (14 Oct., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।

**White Pearl Light Manpower Services Pvt. Ltd.**
Lic. No. 1125/073/74
Samakhushi, Townplaning, Kathmandu, Tel: 01-4982823, 4965003, Mob. No: 9818290427
Email : whitepearlmanpower@gmail.com



**Sotang Rural Municipality**
**Office of Rural Municipal Executive**
**Sotang, Solukhumbu, Koshi province, Nepal**

**Invitation for Online Bids**

**Date of Publication: 2081/06/21 (07/10/2024)**

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S. N. | Contra ct No | Description of Work | Bid Security Amount (NPR) | Bid Vali dity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT and PS | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 03/SRM/NCB/2081/82 | Sotang Gaupalika Sabha Hall Nirman. | 8,15,000/- | 90 days | 5,000.00/- | 32748471.82/- | 2081/07/29 (14-11-2024) 04:00 P.M. | 2081/08/02 (17-11-2024) 2:00 P.M. | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9841323347 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:
   Name of the Bank : Agriculture Development Bank, Solukhumbu
   Name of the Office : Sotang Rural Municipality Office, Solukhumbu
   Office Code No. : 801010908
   Office Account No. : 1125501429939116 (For Bid Document)
   Office Account No. : 1125501429939035 (For Bid Security)
4. If the Date of purchasing and/or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**



**Marsyangdi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Bhulbhule, Lamjung**
**Gandaki Province, Nepal**

**Invitation for Sealed Quotation**

**(Second Date of Publication: 7th October 2024 (2081/06/21)**

The Marsyangdi Rural Municipality, Office of the Rural Municipal Executive, Bhulbhule, Lamjung invites sealed quotations **electronically only** from registered Suppliers for Procurement and Supplying of Medicine and Surgical Materials under National Competitive Bidding procedures mentioned in the table below.

| Contract ID | Description of Work | Estimated Amount, (Including VATable and Non-Vatable) | Bid Validity Period | Bid Security Amount/ Validity | Bid Document Fee |
|---|---|---|---|---|---|
| 03/MRM/ SQ/2081-82 | Procurement and Supplying of Medicines and Surgical Items up to Marsyangdi Rural Municipality | NRs. 30,60,852.23 | 45 days | NRs. 80000 /75 days | NRs. 1,000 (Non- Refundable) |

| | |
|---|---|
| Deadline for Bid Submission | **23rd October 2024 (2081/07/07) till 12:00** |
| Date Time and Location for Bid Opening | **23rd October 2024 (2081/07/07) 1:00 at Office Premises** |
| Account Details for Bid Document | Name of the bank: Himalayan Bank Limited, Bhulbhule, Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule Lamjung, Office Account Number: **25756351950147** |
| Account Details for Bid Security Deposit | Name of the bank: Himalayan Bank Limited, Bhulbhule, Name of Office: Marsyangdi Rural Municipality, Bhulbhule, Lamjung, Office Account Number: **25756351950098** |

Eligible Bidders may obtain further information on **9856079335** and inspect the bidding documents at the office of Marsyangdi Rural Municipality or may visit E-procurement section of PPMO's web Site **http://www.bolpatra.gov.np/egp**.

Matters not covered above shall be as per latest **amendment of Public procurement Act and its Regulation.**

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
२१ असोज २०८१, सोमबार
7 October 2024, Monday

## सम्पादकीय

# गाउँ छोड्नेहरूको पीडा

बाढी पहिरो पीडितले गाउँ छोड्न थालेको दृष्य सामाजिक सञ्जाल र आम सञ्चार माध्यमहरूमा देखिन थालेको छ । विशेषरी राजधानी उपत्यका आसपासका पीडितहरूले गाउँ छोडेर सहर पस्न थालेका छन् । सार्वजनिक भएका विवरण अनुसार बाढी पहिरोका कारणले घरबारविहीन बनेकाहरू नयाँ जीवनको खोजीमा शहर पस्न थालेका हुन् । त्यसरी गाउँ छोड्नेहरू उपत्यका आसपासका जिल्लाहरू छन् । जहाँसुकै जिल्लाबाट गाउँ छोडे पनि यो सदुख् दृष्य होइन । भइरहेको अवसर भन्दा राम्रो खोज्दै कसैले ठाउँ छोड्छ भने त्यो नियमित र मानवीय प्रक्रिया नै हो । त्यसैले कुनै ठाउँ छोडेर नयाँ गन्तव्य तर्फ जाने प्रवृत्तिको अध्ययन गरिएला । अध्ययनको निष्कर्ष मार्फत् बसाइसराइँबारे आवश्यक निर्णय पनि लिइएला । तर अहिले गाउँ छोडिरहेको दृष्यको कारण सरकारको कमजोरी हो । पुस्तौनी बस्दै आएको गाउँमा बस्ने कुनै आधार नदेखेर ती मानिसहरू सहर पसेको सहज अनुमान लगाउन सकिन्छ ।

सरकारले लिएको निर्णय, बाढी पहिरोबाट पुगेको क्षति र समयको तुलना गर्दा पनि सरकारको चरम कमजोरीले मानिसहरू गाउँ बस्न नसक्ने अवस्थामा पुगेको निष्कर्ष निकाल्न सकिन्छ । यी कारणहरूको एक/एक व्याख्या मार्फत् पनि यो निष्कर्षलाई प्रमाणित पनि गर्न सकिन्छ । सरकारले लिएको निर्णय पीडितमैत्री हुन सकेन । यदि त्यस्तो हुन्थ्यो भने अहिलेसम्म पीडितले सरकारी राहत समेत पाउन नसकेको परिस्थिति बन्ने थिएन । तर बाढी पहिरो जाँदा अमेरिकामा रहेका प्रधानमन्त्री केपी शर्मा ओली स्वदेश नफर्की कुनै निर्णय समेत भएन । प्रधानमन्त्रीलाई चार दिन कुर्दा बाँकी प्रक्रिया विलम्ब हुँदै गयो । सरकारले बाढी पहिरो गएको एक सातापछि शुक्रबार बल्ल संकटग्रस्त पालिकाहरूको पहिचान र घोषणा गरेको छ । जबकी यसपटकको बाढी पहिरोबाट यसअघिका कुनैपनि प्रकोपबाट भन्दा बढी संकट आइलागेको छ । जति ठाउँमा क्षति पुगेको छ, त्यहाँका मानिसले लगभग सर्वश्व गुमाएका छन् ।

तर नागरिकले खेपिरहेको संकटलाई सरकारले गम्भीरतापूर्वक लिएको देखिदैन । बाढी पहिरो गएको यतिका दिन बितिसक्दा पनि सामान्य राहत समेत नपाएपछि सरकारप्रति विश्वास गुम्नु स्वभाविक हो । सरकारले केही गर्दैन भन्ने बुझाइ निर्माण भएपछि पीडितहरूले आफ्नै पहलकदमी लिन्छन् । बाँच्न सक्ने ठाउँतिर हिड्छन् । किनकि बाढी पहिरोका कारण कतिपयले आफन्त गुमाएका छन् । ज्यान जोगाएकाले घरबारी गुमाएका छन् । सडक, विजुली, खानेपानी र टेलिफोन अवरूद्ध भएको छ । पशुचौपाया मरेका छन् । अर्थात् यसअघिका कुनैपनि प्रकोप भन्दा ठूलो असर पीडितहरूले खेपिरहेका छन् । त्यसैले उनीहरू पीडाबाट भाग्न पुस्तौनी बस्दै आएको भूमि छोड्ने निष्कर्षमा पुगिरहेका छन् । यो दृष्य हेरेर बसिरहनु सरकारका निम्ति प्रतित्यूपादक बन्न सक्छ । किनकि सरकार रहने भनेकै जनताको विश्वासले हो । विश्वास गुम्यो र नागरिक आफै सडकमा निस्के भने आउने संकट समाधान सजिलो हुदैन ।

# अध्ययन, अध्यापन र अनुसन्धानमा विद्युत

*विद्युतीय विधिको पूर्ण उपभोग गर्न सके वा आफूलाई ती साधन समयानुकूल बनाउन सके अध्ययन, अध्यापन र अनुसन्धानका सवालमा धरै काम, कम समयमा, कम खर्चमा, उच्च स्तरमा विश्व प्रतिस्पर्धाअनुरूप गर्न र गराउन सकिन्छ ।*

अग्रलेख




● डा. उद्धव पुरी

अहिलेको संसारमा विद्युतीय महत्वलाई नकार्न सकिँदैन । विद्युतीय शक्ति र स्रोतसाधन बिना जीवनको हरपलमा मानिस अर्थहीन अवस्थामा रहेजस्तो हुन्छ । उसका दैनिकी नै विश्व अनुकूल नहुन सक्दछ । त्यस्तै विद्यार्थी र शिक्षक एवम् अध्ययन र अनुसन्धान पूर्ण नहुन सक्दछन् । यसलाई सामान्य जीवन उपभोगका सबल र विलासिता मान्नेहरूले भर्खरै सामान्य बन्न थालेको कोरोना कालमा भोगिसकेका छन् । वास्तवमा अहिले विद्युत शक्तिको महत्व शैक्षिक क्षेत्रमा पनि उत्तिकै आवश्यक र प्रभावकारी भएको छ । किनभने संसारलाई नजिक बनाउने र ती स्थान विशेषसम्म पहुँच पुऱ्याउने काम विद्युतीय साधनहरूले गरेका छन् । जसले अध्ययन गर्ने, अध्यापन गराउने र अनुसन्धान गर्नेदेखि सबै खाले नयाँ जानकारी विद्युतीय माध्यमबाट मात्रै सम्भव छ भन्ने प्रमाणित गरिसकेको छ । नेपालको सन्दर्भमा पनि यो हरपलमा आवश्यकताको विषय बन्दै गएको छ ।

नेपालको केही स्थानबाहेक हर क्षेत्रमा अहिले विद्युतीय स्रोत र साधनको उपयोग हुन थालेको छ । विद्युत शक्ति नपुगेका स्थानका मानिसहरू पनि विद्युत उत्पादनको विविध विकल्पहरूको उपयोग गरी आवश्वकीय विद्युतीय साधनहरूको उपयोग गरिरहेका छन् । विद्यालय, कलेज र विश्वविद्यालयहरू विद्युत र विद्युतीय स्रोत साधन बिना सञ्चालनमा ल्याउन असम्भव प्रायः भइसकेको छ । विद्युत शक्ति बिना उज्यालो अपुग हुन्छ र विद्युत शक्तिले नै सम्भव बनाएको नेट प्रविधिहरू सञ्चालनमा आउँदैनन् । जसका कारण कतिपय कार्यालयगत कार्य, जनसम्पर्क र नयाँ विषय वा ज्ञानको खाजी कार्य रोकिन्छ । अहिले नेपालमा पनि शिक्षा क्षेत्रको कतिपय कार्यहरू विद्युतीय स्रोत र साधनको प्रयोगमा मात्र चल्दछन् । जसको अरू विकल्प छैनन् ।

विद्युतीय स्रोत र साधनमा जानकार नभएका वा सो विधि र प्रविधिलाई समयानुकूल बनाउन नसक्ने विद्यार्थी वा शिक्षक दुबैमा हीनता बोध र पछुतो हुन सक्दछ । किनभने संसारमा भएका हरेक परिवर्तन र नयाँ कुरा अनि त्यसको जानकारी केही पलमा नै विश्वभर फैलिसकेको हुन्छ । जुन अध्ययन र अध्यापनका लागि सबैभन्दा महत्वपूर्ण र प्रभावकारी मानिन्छ । यदि शिक्षक वा विद्यार्थी यी कुराहरूको पहुँचमा समयानुकूल बन्न सकेनन् भने कमजोर साबित हुन्छन् । उनीहरू पुराना लिखत अध्ययन र अध्यापनमा मात्र हराउँछन् । जुन वर्तमान प्रतिस्पर्धाको युगमा अर्थहीन रहन्छ । उसमा जतिसुकै शैक्षिक क्षमता भए पनि उसको अध्ययन, अनुसन्धान र अध्यापन अरूका सामु तुलनागत रूपमा कमजोर र विधिको पूर्ण उपयोग नभएको देखिन्छ ।

नेपालका विद्यालय र विश्वविद्यालयहरूमा विद्युतीय क्षमता र त्यसको उपयोगको पहुँच कतै कमजोर भए पनि सम्भव भएका स्थानमा पनि त्यसको उपयोगिता र चासोमा ठुलो खाडल देखिन्छ । यसलाई केही व्यक्ति विशेषहरू सामान्य रूपमा पनि लिन्छन् । त्यो नितान्तः गलत सोच वा कमजोर मानसिकता जस्तो लाग्छ । उदाहरणका लागि नेपालको जेठो र श्रेष्ठ विश्वविद्यालय त्रिभुवन विश्वविद्यालयको केन्द्रमा यो खाडल कम विद्यार्थी र बहुमत प्राध्यापकहरूमा देख्न सकिन्छ । जसले विश्वविद्यालयको अध्ययन, प्राध्यापन र अनुसन्धानमा केही असहजता देखाएको छ । एउटै विभागमा यस्ता विद्यार्थी र प्राध्यापक रहँदा अध्यापन र अनुसन्धान कार्य केही प्रभावित भएको पनि देखिन्छ । केही बिकट बाहिरबाट आउने वा त्यसलाई समयानुकूल



नबनाउने विद्यार्थीहरू अरू सक्षम विद्यार्थीहरूको दाँजोमा कमजोर देखिन्छन् । उनीहरू अध्ययन र अनुसन्धान कार्यमा एउटा कम्प्युटर बाटै एकै क्षणमा सम्भव हुने वा गर्न सकिने कार्यका लागि पनि महिनौं दौडिरहेका हुन्छन् । यसको मतलब उनीहरू गर्न सक्ने भएर पनि पछाडि कुदिरहेका हुन्छन् ।

विद्युतीय स्रोत र साधनको प्रयोग र उपयोगमा उनीहरू आफूलाई अभ्यस्त र सक्षम बनाउन प्रयास भने गरिरहेको देखिन्छ । यो सकारात्मक पक्ष हो । उसले आफूपछिको पुस्तालाई सुरुवातीदेखि नै सिकाउन र सिक्न प्रेरित गरेको देखिन्छ । तर, समस्या प्राध्यापकहरूमा भने भिन्न प्रकृतिको रूपमा देखिन्छ । प्राध्यापन पेसामा अहिले नयाँ आउनेहरूमा सम्भवतः यो समस्या छैन होला भन्ने लाग्दछ । सायद, यो विषय उठानले केहीलाई खल्लो लाग्न सक्छ । विगत करिब २९ वर्षभन्दा अगाडि र त्यसको हाराहारीमा रहेका प्राध्यापकहरू केही यसको पीडा बोधमा देखिन्छन् । हुन त अधिकांश प्राध्यापकहरूले आफूलाई हुनसक्ने र सम्भव भएसम्म विद्युतीय विधिको प्रयोग गरी आफूलाई सक्षम र समयानुकूल बनाएको देखिन्छ । तर, केही

> *सूचना प्रविधिको सहायताबाट संसारमा भएका हरेक परिवर्तन र नयाँ कुरा अनि त्यसको जानकारी केही पलमा नै विश्वभर फैलिसकेको हुन्छ । जुन अध्ययन र अध्यापनका लागि सबैभन्दा महत्वपूर्ण र प्रभावकारी मानिन्छ । यदि शिक्षक वा विद्यार्थी यी कुराहरूको पहुँचमा समयानुकूल बन्न सकेनन् भने कमजोर साबित हुन्छन् । उनीहरू पुराना लिखत अध्ययन र अध्यापनमा मात्र हराउँछन् ।*

प्राध्यापकहरू छन् यो विद्युतीय क्षमता र त्यसबाट जीवनमा उपयोग गर्न सकिने विधि र माध्यमलाई अङ्गालेनन्, उनीहरू हिजोको दिनमा जति जानकार र योग्य भए पनि अहिले अध्ययन, अध्यापन र अनुसन्धानमा कमजोर र पछाडि छन् । त्यसैले विश्वविद्यालयले आफ्ना प्राध्यापकहरू विश्व प्रतिस्पर्धामा सक्षम हुन सकुन् भनी बेलाबेलामा यस्ता स्रोत र साधनको तालिम र उपयोगका लागि अवसर र सुविधा दिने गर्दछ र दिइरहेको छ । तर, उनीहरू विद्यार्थीका अगाडि मौखिक व्याख्या विधिमा रहन्छन् र आफूसँग भएको पुरानो स्रोत साधनको प्रयोगमा सीमित रहन्छन् ।

अचम्म त के छ भने अध्ययन, अध्यापन र अनुसन्धानको यो विश्वव्यापी प्रयोग र आफूलाई समयानुकूल बनाउने चासो र जाँगरलाई हाम्रो पालामा थियो र हामीले गर्नु भन्ने तर्क राखी जित्न खोज्दछन् र यो त्यसरी नै चलिरहेको छ । यसले विश्व परिवेशमा नकारात्मक प्रभाव जमाएको छ । सम्भवतः यो विद्यालय स्तरमा भन्दा पनि विश्वविद्यालय स्तरमा विकल्परहित विषय हो । नेपालका धेरै विश्वविद्यालयहरूमा यो समस्या बाँकी छन् होला भन्ने लाग्दछ । जुन आजको युग र दैनिकीसँग नै विरोधाभास हो भन्ने ठानिन्छ । विशेषतः विद्युतीय क्षमताले यी सबै कुरालाई सम्भव र सहज बनाइदिएको छ । विद्युतीय विधिको पूर्ण उपभोग गर्न सके वा आफूलाई ती साधन समयानुकूल बनाउन सके अध्ययन, अध्यापन र अनुसन्धानका सवालमा धरै काम कम समयमा कम खर्चमा उच्च स्तरमा विश्व प्रतिस्पर्धाअनुरूप गर्न र गराउन सकिन्छ ।

## सामाजिक सञ्जाल



**- विनोद न्यौपाने**

रोशी/नख्खु खोलामाथि कति क्रसर उद्योग र ढुङ्गा खानी छन्, दर्तादेखि कति रुपैयाँको सामग्रीहरू बेचे, राज्यले राजस्व कति पायो ? अहिलेको गेग्रान बगाएको रोशी र नख्खुले नेपाल थोक/नख्खु जेलसम्म कति रुपैयाँको क्षति गऱ्यो ? नाफा कति रह्यो ? मानवीय क्षतिको राज्यले कति दाम राख्छ ?



**- कृष्ण अर्याल**

नेपालमा मतदान गर्ने र कर तिर्ने बाहेक जनताको अन्य केही हैसियत छैन, तीतो तथ्य र सत्य यही हो । तिरेको करले शासक र कर्मचारी मोटाउने बाहेक करको कुनै उपयोग भएको छैन । स्थायी सत्ता कर्मचारीतन्त्र र अस्थायी सत्ता शासक तन्त्रकै मोज मस्तीमा तिरेको कर व्यय हुन्छ । उपादेयता केही छैन ।



**- शिव दाहाल**

स्वागत र जयजयकार हुने ठाउँमा किन दिनहुँ विरोध हुँदै छ ? आजै विरोधमा संलग्न सहकारी पीडित अब्दुल मिया पनि पक्राउ परेको कुरा लुकेको छैन । आफ्नो राजनीति सेक्न पीडित जतिलाई काँग्रेस-एमाले मात्र देखाउन र पुष्टि गराउन लाग्नुभन्दा सहकारी पीडितलाई न्याय दिनेतर्फ बुद्धि लगाउन सकिन्न र !



**- पुरूषोत्तम ढङ्गेल**


तर्क दिएर सुन र पित्तल एउटै हो भन्न सकिन्छ तर, तर्कले परिणाम र निर्णयलाई कहिले पनि प्रभाव पार्न सक्दैन । न त शक्तिले कोही पूजनीय हुन्छ । पूजनीय प्रभावले हुन्छ । तर्कले परिणामलाई केही समय पर्खनु पर्ला तर, निर्णय कार्यान्वयन भएरै छोड्छ । निर्णयले हिजो पनि हेर्छ, आज पनि हेर्छ र भोलि पनि हेर्छ ।

# विद्युत उत्पादन र व्यापार

विचार



● चन्द्रबहादुर बस्याल



नेपालमा रहेका ठुला आयोजनाहरू लगानीयोग्य छन् । समाजले लगानी गर्ने क्षमता राख्दछ । बहावमा आधारित जलाशययुक्त आयोजनाहरूको विकास गर्नु नेपालको लागि अपरिहार्य छ । सँगै पूर्वाधारहरूमा स्वदेशी लगानीलाई नै प्रोत्साहन गर्नुपर्छ । सानो परियोजनाको लागि पनि विदेशी लगानी ताक्नुपर्ने अवस्थाको अन्त्य गर्न जरुरी छ । विश्वका धेरै देशहरूले उत्पादन कम्पनीमार्फत नै विद्युत उत्पादन अगाडि बढाएका छन् । नेपालले पनि सोही मोडलमा ठुला आयोजनाहरू बन्ने वातावरण निर्माण गर्नुपर्छ ।

अहिले बर्खामा विद्युत् खेर जाने र हिउँदमा विद्युत आयात गर्नुपर्ने बाध्यता कायमै छ । वर्षात्मा खेर जाने विद्युतलाई व्यवस्थापन गर्न नसकिने डरले सरकार पिपिए गर्न डराएजस्तो देखिन्छ । पिपिए जलविद्युत आयोजनाका लागि निकै महत्वपूर्ण हुन्छ । विद्युत उत्पादन भएपछि बिक्री गर्नै पर्छ, जसको ग्यारेन्टी पिपिएले नै गर्छ । साथै, बैंक तथा वित्तीय संस्थालगायतका दातृ निकायले पिपिएकै आधारमा सम्बन्धित आयोजनामा ऋण लगानी गर्छन् । प्राधिकरण नेपालमा विद्युत खरिद-बिक्री गर्ने एक मात्रै निकाय हो । सरकारले ५० युनिटसम्म विद्युत निःशुल्क दिने घोषणा गरेको छ । विद्युत महसुललाई सर्वसाधारणले व्यहोर्न सक्ने गरी समायोजन गर्ने तथा विद्यूतमा पहुँच हुने जनसंख्या शत प्रतिशत पुऱ्याउने समेत घोषणा गरिएको छ । मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) अनुदानसम्बन्धी सम्झौताअनुसार ५० करोड डलर अनुदानबाट चार प्रसारण लाइन र तीन वटा सबस्टेशन बनाइएको भएको छ । प्राधिकरण पनि व्यवसायिक संस्था हो । उसले पनि नाफा-घाटा तथा बजारलाई केन्द्रमा राखेर काम गर्नुपर्छ । तर, त्यसकै नाममा पिपिए रोकेर जलविद्युतको विकास रोक्नु हुँदैन ।

सरकारले निजी क्षेत्रलाई पनि विद्युत व्यापारमा संलग्न गराउनुपर्छ । प्रस्तावित विद्युत ऐनमा पनि निजी क्षेत्रलाई विद्युत व्यापार गर्न दिने व्यवस्था छ । सरकारले निजी क्षेत्रलाई विद्युत व्यापारमा समावेश गरेमा प्राधिकरणले नै पिपिए गर्नुपर्ने बाध्यता हुँदैन । आयोजनाहरूले निजी क्षेत्रका कम्पनीसँग पिपिए गरेर विद्युत बिक्री गर्न सक्छन् ।

पछिल्लो समय विद्युतीय चुलो, विद्युतीय सवारी साधनको प्रयोग बढ्न थालेको छ । कृषि, पर्यटनलगायतका क्षेत्रमा विद्युतको प्रयोग बढेको छ । यसबाहेक भारतमा विद्युत निर्यात गर्न पनि थालनी भइसकेको छ । साथै, नेपाल-बंगलादेशको विद्युत व्यापारमा भारतले सर्त तोकेर भए पनि सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । विद्युत उत्पादन क्षमता ६५ सय मेगावाट र प्रतिव्यक्ति विद्यूत खपत सात सय किलोवाट घण्टा पुऱ्याउने घोषणा गरिएको छ ।

नदी प्रवाह (आरओआर)मा आधारित जलविद्युत आयोजनाको विद्युत खरिद-बिक्री सम्झौता (पिपिए) पुनः कोटा प्रणालीमा खुलाइएको छ । पिपिए नै नभइरहेको अवस्थामा कोटामै भए पनि पिपिए खुला गर्नु स्वागतयोग्य काम भए तापनि खुसी हुनुपर्ने अवस्था भने भइसकेको छैन । सरकारले पिपिएमा कोटा प्रणाली लागु गरेपछि थुप्रै जलविद्युत आयोजनाहरूको निर्माण नै अन्योलमा परेको छ । सरकारले पिपिएमा कोटा तोक्नु हुँदैन । पिपिएमा कोटा प्रणाली लागु गर्ने नीतिले निरुत्साहित बनाएको छ ।

निजी क्षेत्रलाई पनि विद्युत व्यापारको अनुमति दिनुपर्छ । यदि यस्तो गरिएन भने निकट भविष्यमा लोडसेडिङको सम्भावना पनि हुनसक्छ । विद्युतीय चुलो र विद्युतीय सवारी साधनको प्रयोग बढ्यो र औद्योगिक क्षेत्रको थप विकास भयो भने त विद्युत नपुग्ने सम्भावना हुन्छ । त्यसैले, सरकारले निजी क्षेत्रलाई विद्युत व्यापारमा रोक लगाउन हुँदैन । नेपाल विद्यूत प्राधिकरणले सोलारमा आठ सय मेगावटको पिपिए माग्दा ३६ सय मेगावाटको आवेदन परेको छ । प्राधिकरणले प्रतिस्पर्धाबाट हालसम्म एक सय ७५ मेगावटको पिपिए गरेको छ । त्यसमध्ये एक सय सात मेगावाट सञ्चालनमा छ । थप ३० मेगावटका सौर्य आयोजना पिपिए गर्ने प्रक्रियामा छन् ।

यही असोज १७ गते बंगलादेशसँग ४० मेगावाट बराबरको बिजुली बिक्रीका लागि सम्झौता भएको छ । तत्कालका लागि थोरै मात्रामा जान लागे पनि यसले तेस्रो देशसँग विद्यूत व्यापारको बाटो खोलेका छन् । प्राधिकरणले भारतीय अनुदानमा निर्माण भई आफ्नो स्वामित्वमा रहेको त्रिशूली र सहायक कम्पनीमार्फत निर्माण गरिएको चिलिमे जलविद्युत आयोजनाबाट उत्पादित विद्युत बंगलादेश निर्यात गर्ने तयारी गरेको छ । यसले एकातिर अन्य आयोजना बन्ने बाटो बनाएको मात्रै छैन नेपाल विद्यूत व्यापार गरेर आम्दानी गर्ने देशको रूपमा विकास हुँदै गरेको अवस्थालाई चित्रण गरेको छ । तत्कालै ठुलो मुनाफाको स्थिति नबनाए पनि क्रमशः यसले व्यापार घाटा कम गर्न र नयाँ आम्दानीको स्रोत सिर्जना गर्नमा सघाउ पुऱ्याउनेछ । सँगै नयाँ आयोजनाहरू निर्माण गर्न पनि प्रोत्साहित गर्नेछ ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष | नयाँ साथी बन्नेछन् । पारिवारिक कार्यहरूमा वृद्धि हुनेछ । |
| वृष | राजनैतिक लाभ प्राप्त हुनेछ । आनन्दमा वृद्धि हुने योग छ । |
| मिथुन | शैक्षिक प्रगति हुनेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| कर्कट | आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुनेछ । यश बढ्ने योग छ । |
| सिंह | यात्राको लागि समय उत्तम छ । वाहन सावधानी जरुरी छ । |
| कन्या | शत्रु कमजोर हुनेछन् । राजनैतिक सहयोग प्राप्त हुनेछ । |
| तुला | नयाँ कार्यमा सावधानी राख्नुहोला । विदेश यात्राको योग छ । |
| वृश्चिक | नयाँ काम बन्ने योग छ । रोजगार प्राप्तिको योग छ । |
| धनु | शान्ति र सुख बढ्नेछ । अनावश्यक जिम्मेवारी नलिनु होला । |
| मकर | इष्टमित्रहरूसँग भेटघाट हुनेछ । स्वास्थ्य कमजोर हुनेछ । |
| कुम्भ | वैदेशिक यात्राको योग छ । सम्पत्तिमा वृद्धि हुनेछ । |
| मीन | साथीभाइबिच सुमधुर सम्बन्ध बनिरहनेछ । यश बढ्ने योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि एमाले र कांग्रेसको सहयोग हस्तान्तरण



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेकपा (एमाले)ले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि आज ५० लाख रुपैयाँ हस्तान्तरण गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा प्रधानमन्त्री ओलीलाई भेटेर एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलसहितको टोलीले उक्त चेक हस्तान्तरण गरेका हुन् ।

सो अवसरमा प्रधानमन्त्री ओलीले साझा दायित्व सम्झिएर विपदको सामना गर्नुपर्ने र यसको अगुवाइ सरकारले गर्ने बताए ।

उनले तीनै तहका सरकार र राज्यका निकाय परिचालित भएर विपद्को सामना भइरहेको स्पष्ट पारे । सो अवसरमा गृहमन्त्री रमेश लेखक, एमालेका महासचिव शंकर पोखरेल, उपमहासचिवहरु प्रदीपकुमार ज्ञवाली, विष्णुप्रसाद रिमाल, पृथ्वीसुब्बा गुरुङ, सचिव रघुबीर महासेठलगायतका नेताहरु सहभागी थिए । यता नेपाली कांग्रेसले पनि प्रधानमन्त्री ओलीलाई प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि ५० लाख रुपैयाँ हस्तान्तरण गरेको छ । नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासहितको टोलीले हालैको प्राकृतिक विपद्पछिको अवस्थामा तत्काल र दीर्घकालीनरुपमा गर्नुपर्ने कामबारे सुझावसहित प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषका लागि ५० लाख रुपैयाँ तथा पार्टीका सांसदहरुको आधा महिनाको पारिश्रमिकसमेत हस्तान्तरण गरेको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा प्रधानमन्त्री ओलीलाई भेटेर सभापति देउवाले ३४ बुँदे सुझावपत्र तथा चेक हस्तान्तरण गरेका हुन् । सो अवसरमा प्रधानमन्त्री ओलीले नेपाली कांग्रेसले प्राकृतिक विपत्तिको सामना गर्न सबै पक्षले एकताबद्ध भएर सामना गर्नुपर्ने मुख्य भावनासहित दिएका सुझाव मननीय भएको बताए ।

उनले विपदले कुनै जात, उमेर र धर्म नभनी सबैलाई संकटमा पार्ने भएकाले साझा दायित्व सम्झिएर यसको सामना मिलेर गर्ने कार्यमा सरकारले अगुवाइ गर्ने विश्वास दिलाए । नेपाली कांग्रेसले विपद्को सामना मिलेर गर्न र भविष्यमा आउने विपदको पूर्व तयारी गर्न एकता र एकताबद्ध भवनाका साथ लाग्न सरकारलाई आग्रह गरेको छ। सो अवसरमा गृहमन्त्री रमेश लेखक, दलका उपसभापति पूर्णबहादुर खड्का, महामन्त्री विश्वप्रकाश शर्मालगायत सहभागी थिए ।


## Bagmati Rural Municipality

**Jhurjhure, Makwanpur**

**Invitation for Bid**

**Date of Publication: 2081-06-21**

Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites electronic bids from eligible bidders for the procurement of following items under National Competitive Bidding Procedures specified in Public Procurement Act, 2063 and Regulations, 2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality, Jhurjhure-04, Makwanpur Tel: 9849162772/9866484834, website: http://bagmatimunmakawanpur.gov.np/ or may visit PPMO e-GP system: https://www.bolpatra.gov.np/egp

| Contract ID Number/IFB No. | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|
| BRM/SQ/GOODS /003/2081/082 | Supply and Delivery of Medicine and Medical Items | 20,49,820.00 | 1,000.00 | 45,000.00 |

Note: If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.

**Chief Administration Officer**


# विश्व दृष्टि दिवसमा नेत्रज्योति संघले बालबालिकाको नि:शुल्क आखा परीक्षण गर्ने




**काठमाडौं/मस–** विश्व दृष्टि दिवसको अवसरमा नेपाल नेत्रज्योति संघले बालबालिकाको नि:शुल्क आँखा परीक्षण गर्ने भएको छ । यही असोज २३ गते संघका देशभर रहेका सञ्जालमार्फत बालबालिकाको नि:शुल्क आँखा परीक्षण गरिने संघका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले जानकारी दिए ।

संघका महासचिव भरतबहादुर चन्दले संघद्वारा देशभर सञ्चालित २८ वटा आँखा अस्पताल तथा एक सय ६० आँखा उपचार केन्द्रबाट १५ वर्षभन्दा कम उमेरका बालबालिकाको नि:शुल्क आँखा परीक्षण गरिने बताए । उनले भने, 'पछिल्लो समय विश्वभरि नै बालबालिकामा दृष्टिदोषको समस्या बढिरहेकाले पनि यसपटक बालबालिकाको आँखा स्वास्थ्यलाई प्राथमिकतामा राखेर विश्व दृष्टि दिवस मनाउन गइरहेका छौँ ।'

नेपालमा करिब ११ लाख बालबालिकामा विभिन्न किसिमका दृष्टिदोषको समस्या रहेको अनुमान गरिएको छ । जसमध्ये करिब सात लाख बालबालिका अझैपनि दृष्टिदोषको उपचारबाट बञ्चित रहेका छन् । विश्व स्वास्थ्य सङ्गठन तथा अन्धोपन न्यूनीकरण कार्यमा संलग्न अन्तर ाष्ट्रिय गैर सरकारी संस्थाको छाता सङ्गठन इन्टरनेसनल ऐजेन्सी फर द प्रिभेन्सन अफ ब्लाइन्डनेस (आइएपिबी)ले संयुक्त रूपमा यो दिवस मनाउन शुरु गरेका हुन् । यस वर्ष 'बालबालिको आँखालाई विशेष ख्याल गरौँ' भन्ने नाराका साथ अक्टोवर १० तारिख (असोज २४ गते) का दिन नेपालमा पनि विभिन्न कार्यक्रम गरी दिवस मनाइँदैछ ।

# एनआरएनए एसिया प्यासिफिक संयोजक भट्टराईद्वारा बाढी पीडितलाई सहयोग



**तिलोचन गौतम/मध्यान्ह**
मलेसिया, २० असोज

गैरआवासीय नेपाली संघले बाढी प्रभावित क्षेत्रमा राहत तथा उद्धारका लागि तत्कालका लागि १ करोड रुपैयाँ बराबर राहत कोष स्थापना गरेको छ ।

उपाध्यक्ष डा.हेमराज शर्माको संयोजकत्वमा उच्चस्तरीय आर्थिक संकलन समिति गठन गरेसँगै संघमा आबद्ध पदाधिकारीहरुले सहयोग संकलन थालेका हुन् ।

लगातारको भारी वर्षाका कारण देशका विभिन्न भागमा आएको बाढीपहिरो र डुबानबाट प्रभावित नेपालीलाई सहयोग पुगोस् भन्ने उद्देश्यले संघले थालेको यो सहयोग अभियानमार्फत एनआरएनए एसिया प्यासिफिक क्षेत्रीय संयोजक हरि भट्टराईले नगद एक लाख एक हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

एसियाली देशका सबै राष्ट्रिय समन्वय परिषद्लाईसमेत देशमा परिआएको यी र यस्ता विपद्को समयमा सबैले एकबद्व भएर मानवीय नाताले सक्केको सहयोग गर्नुपर्ने बताउँदै मलेसिया, जापान, थाइल्यान्ड, सिंगापुर, कम्बोडिया,हङकङ,मकाउ,चीन र म्यान्मार सबै राष्ट्रिय समन्वय परिषद्लाई सहयोगको अपिल समेत गरे ।

संघले क्षतिग्रस्त क्षेत्रमा अध्ययन गरी प्रतिवेदन अनुसार आइतबार हेटौंडा दक्षिणकालिका प्रभावित ६० परिवारलाई वितरण गरिसकेको र सोमबार सिन्धुपाल्चोकमा ३ सय घर परिवारलाई राहत पुऱ्याउने कार्यक्रम रहेको अन्तर्राष्ट्रिय समन्वय परिषद एसिया प्यासिफिक क्षेत्रीय संयोजक भट्टराईले जानकारी दिए ।

संघमार्फत सहयोग संकलन गर्ने संस्था र व्यक्तिलाई कदर पत्र दिइने र संस्थाको अभिलेखमा राखिने गरी पारदर्शी तरिकाले सहयोग संकलन हुने बताउँदै संयोजक भट्टराईले सबैलाई सहयोगको अपिल गरे । एनआरएनएको इमरजेन्सी फण्ड सानिमा बैंकको खाता नम्बर ०२४०१००१०००००६३३ मा सहयोग गर्न सकिनेछ ।


## सडक डिभिजन जनकपुर

**मुजेलिया, धनुषा**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**(प्रकाशित मितिः २०८१-०६-२१)**

यस कार्यालयद्वारा मिति : २०८१-०४-२५ गते अभियान दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना IFB No.: RDJKR/081–82/04 को आधारमा तालिकाबद्ध भए बमोजिमको ठेक्का नं तर्फ रित पूर्वक दर्ता हुन् आएका बोलपत्रहरु नियमानुसार मुल्यांकन गरिंदा सारभूतरुपमा प्रभावग्राही देखिन आएका तालिका बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव स्वीकृत भएकोले सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ३१, उपनियम ((ङ) को दफा ५ बमोजिम आर्थिक प्रस्ताव तपशिल बमोजिमको स्थान्, मिति र समयमा खोलिने भएको व्यहोरा सम्बन्धित सम्पूर्ण बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

**स्थान : सडक डिभिजन जनकपुर, धनुषा** **मितिः २०८१-०६-३० गते** **समय : १३:०० बजे**

**ठेक्कागत विवरणः**

| क्र.सं. | ठेक्का नं: | प्राविधिक प्रस्ताव स्वीकृत भएका बोलपत्रदाताहरुको नाम र ठेगाना | |
|---|---|---|---|
| 1 | RDJKR/ 33701138 /081/82/46 | 1. M/S Surke Nirman Sewa Pvt. Ltd, Buddhanagar-10, Kathmandu<br>2. M/S R.K.Construction, Manpur-3, Sarlahi<br>3. M/S Imperial /ishani / wind horse jv, Janakpurdham<br>4. M/S Shiva RDR-Gautamshree jv, tarkeshwor 21 Kathmandu<br>5. M/S Shah Nirman Sewa Pvt. Ltd. Malangwa-10, Sarlahi<br>6. M/S D. Laligurans - Dev Navrang J/V, Dhangadhimai-05, siraha<br>7. M/S KCP JCNSS J/V, Janakpur-02, Dhanusha<br>8. M/S Panchakanya Engineering Solution Pvt. Ltd, kupondole-1, lalitpur<br>9. M/S Prasin Reliance - JV, Ishworpur<br>10. M/S pushpahem deuti bajai JV, Godar-7<br>11. M/S SC-S & S -DK JV, Ranighat ward no 11, Birgunj<br>12. M/S Prithivi Engineers & Builders Pvt Ltd, Battisputali, Kathmandu<br>13. M/S Trishakti Construction and Engineering Pvt. Ltd, Madhyapur Thimi - 7<br>14. M/S Bhujel Om JV, Chapakhori-01, Kaldhar, Kavre | 15. M/S ishwori -vision -shankhapokhari J.V., Manthali-05, Ramechhap<br>16. M/S GSC ShreeKrishna Nirman Sewa Pvt.Ltd. Kamalamai-6 Sindhuli Ratmata<br>17. M/S shailendra and sons construction,jorpati-02, kathmandu<br>18. M/S SHIVA KHIMTI-M.K.S. J/V, sindhuli<br>19. M/S Adhikari- Naisha JV, Janakpurdham, Ward no.-4<br>20. M/S Prajil/Acharya JV, Manbhawan-5 Lalitpur<br>21. M/S KARMABABA jv, BOUDHA-6<br>22. M/S Evergreen-Rajdevi-Mahakal JV, Laxmipur Patari-3<br>23. M/S Ramjanaki Nirman sewa Pvt. Ltd., Ward No.-10, Janakpur<br>24. M/S Nation-Kapil JV<br>25. M/S Pabitra Nirman Sewa, Udaypur Gaighat<br>26. M/S P.L.-Pancha Pokhari JV, Koteshwor-32, Kathmandu<br>27. M/S Green Nepal Construction and Engineering, Janakpur-10<br>28. M/S O.S. Enginnering/Sundara Devi JV, Nilkantha-3, Dhading<br>29. M/S Osnap-Prabhat JV, Kageshwori Mahohara-6<br>30. M/S RK-SSC-Public JV Ward No-10, Balauwakhani, Budhanilkantha Nagarpalika |
| 2 | RDJKR/ 33701138 /081/82/47 | 1. M/S Speed Builders And Consultants P.Ltd, Chabahil-7, Kathmandu<br>2. M/S bhupendra construction, Kalaiya ward no. 6, Bara<br>3. M/S Sairam PL-KTS JV, Lalitpur, Nepal<br>4. M/S JCNSS JB J/V, Dhanusha,<br>5. M/S Ram Janaki Nirman Sewa Pvt. Ltd<br>6. M/S K.D.Construction, Pokhara | 7. M/S Pabitra Nirman Sewa,Udayapur Gaighat<br>8. M/S SC-S & S- DK JV, Birgung<br>9. M/S Pushpahem/Naulo Safal/Prathama JV, Ramechhap<br>10. M/S Nation Purnachandi JV, Satdobato-15, Lalitpur<br>11. M/S Aamod Construction, Siraha<br>12. M/S Tamang Marin Construction Pvt. Ltd., Dhurabazar, Sindhuli |
| 3 | RDJKR /33701138 /081/82/48 | 1. M/S Reliance Builders And Suppliers Pvt.Ltd., Ishworpur-12, Sarlahi<br>2. M/S Sairam construction,Sanepa, Lalitpur<br>3. M/S R.M. Poudel Dhanushadham J. V,<br>4. M/S RDR- Gautam jv, Tarkeshwor-11, KTM<br>5. M/S Jay Bhawani Nirman Sewa, Malangwa-10, Sarlahi<br>6. M/S K.D.Construction, Pokhara<br>7. M/S Pabitra Nirman Sewa, Udayapur Gaighat | 8. M/S Ma Pokhariya-S.K-DK JV,<br>9. M/S Dev Bishnu-Maruti J/V<br>10. M/S Acharya Nirman Company Pvt. Ltd.<br>11. M/S Tamang Marin Construction Pvt. Ltd., Dhurabazar, Sindhuli<br>12. M/S ishani narayan JV<br>13. M/S Laxman Rekha - Reliance JV,<br>14. M/S nidhi everest and sons J.V.<br>15. M/S surke naisha JV, Janakpur-4 |
| 4 | RDJKR /33701169 /081/82/49 | 1. M/S R.K.Construction, Manpur-3, Sarlahi<br>2. M/S RDR Nirman Sewa, Tarkeshwor 21 Kathmandu<br>3. M/S Laxman Rekha - Reliance JV, Millsarea, Janakpur<br>4. M/S Aamod Construction, Siraha Nagarpalika -7<br>5. M/S R.M. Poudel Dhanushadham J. V, Chabahil-7 | 6. M/S Dev Construction Dhangadhimai, Dhangadhimai 5 siraha<br>7. M/S Sairam Rameshwar JV, saneapa, lalitpur-2<br>8. M/S G.S.C. /Shivam Nirman Sewa Jv, Kamalamai-6 Sindhuli<br>9. M/S Nation Builders, Satdobato-15, lalitpur |
| 5 | RDJKR /33701138 /081/82/50 | 1. M/S Purnachandi Infrastructure Pvt. Ltd, Lalitpur<br>2. M/S Bibek Pawan J.V Janakpur-14<br>3. M/S shah & sons-grand J.V, janakpur -08<br>4. M/S nidhi everest and sons J.V, Janakpur-4 | 5. M/S Sairam Rameshwar JV, Sanepa, Lalitpur-02<br>6. M/S Laxman Rekha - Sunrise JV, Janakpur-10, Dhanusha<br>7. M/S Inspl narayan JV, Janakpur-21, Dhanusa |
| 6 | RDJKR /33701169 /081/82/51 | 1. M/S Sairam -rameshwar jv, sanepa, lalitpur<br>2. M/S shah and sons-grand jv, janakpur-8, dhanusha<br>3. M/S Laxman rekha-sunrise jv, janakpur-10, dhanusha | 4. M/S bibek-pawan jv, janakpur, dhanusha<br>5. M/S Nidhi-everest and sons jv, janakpur-4, dhanusha<br>6. M/S Inspl-narayan jv, janakpur-21, dhanusha |

**डिभिजन प्रमुख**

# ‘गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि शिक्षा परियोजनाको भूमिका महत्वपूर्ण’

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २० असोज



वर्ल्ड भिजन इन्टरनेशनल नेपालसँगको साझेदारीमा प्रगतिशिल युवासमाजद्वारा बझाङको जयपृथ्वी नगरपालिकामा सञ्चालन भइरहेको समुदायमा आधारित बाल प्रायोजन र समावेशी तथा गुणस्तरीय शिक्षा परियोजनाको परिचयात्मक कार्यक्रम आइतबार सम्पन्न भएको छ ।

जयपृथ्वी नगरपालिकाको समन्वय, वर्ल्डभिजनको सहयोग तथा प्रगतिशिल युवा समाजको आयोजनामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

उक्त कार्यक्रममा बोल्दै जयपृथ्वी नगरपालिका मेयर चेतराज बजालले प्रगतिशिल युवा समाजले सरकार र अन्य संस्था भन्दा फरक खालको पहिचान बनाएको बताए । संस्थाबाट नगरपालिकाले पनि केही सिक्न जरुरी रहेको उनको भनाइ छ । उनले भने, ‘संस्थाले गरेका भौतिक संरचना लगाएत जति ठाउँमा काम गरेको छ। ति सबै काम गुणस्तरीय छ। यस संस्थाबाट हामीले समस्या समाधानको तरिका,जनमानसमा गएर जनतासँग नजिक हुने तरिका, यस्ता धेरै कुरा सिक्न जरुरी छ। सरकारले गर्न नसकेका कामहरु यो संस्थाले गरिदिएको छ । नगरपालिकामा लागु भएर संस्थाले हामीलाई धेरै सहयोग गरेको छ। हामीबाट हुने सहयोग पनि हामी गर्न तयार छौं ।’

संस्थाले नगरपालिकामा लागु भएर शिक्षा, भौतिक संरचना, विध्यालयका कक्षा कोठा, वडाहरुमा बालमैन्त्री स्थानिय सासन बनाउन सघाउने लगाएतका कामहरु प्रभावकारी गरेको जयपृथ्वी नगरपालिका उपमेयर रतन बहादुर सिंहले बताए । अघिल्ला वर्षहरुमा भएका कमजोरीहरुको सुधार गर्दै कार्यक्रमहरु अगाडि बढाउनुपर्ने र आफुबाट हुने सहयोग गर्न सदैव प्रतिवाद रहेको समेत सिंहले बताए ।

संस्थाले नगरपालिकामा गुणस्तरीय शिक्षा अभिवृद्धि गर्नका लागि महत्वपूर्ण योगदान दिएको जयपृथ्वी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सिद्वराज पण्डितले बताए ।

कार्यक्रममा प्रगतिशिल युवा समाजका कार्यक्रम व्यवस्थापक यज्ञराज जोशीले समुदायमा आधारित बाल प्रायोजन तथा बाल संरक्षण परियोजना र समावेशी तथा गुणस्तरीय शिक्षा परियोजनाको आगामी आर्थिक वर्ष २०२५ मा सञ्चालन हुने क्रियाकलापहरुको विस्तृत विवरण प्रस्तुत गर्नुका साथै आर्थिक वर्ष २०२४ मा सञ्चालन गरिएका क्रियाकलापहरुको उपलब्धी प्रस्तुत गरिएको थियो ।

संस्थाका परियोजनाहरु लागु भएका वडाहरुबाट प्रभावित भएर अन्य वडाहरुले पनि संस्थाका ति परियोजनाहरु आफ्नो वडामा आवश्यकता महसुस गरेको जयपृथ्वी नगरपालिका-८ का वडाअध्यक्ष लोकेन्द्र बोहराले बताए। संस्थालाई जयपृथ्वी नगरपालिकाका सबै वडाहरुमा परियोजना लागु गर्नका लागि पनि वडाअध्यक्ष बोहराले आग्रह गरेका छन् ।

संस्थाले जयपृथ्वी नगरपालिकाका १,३,५,६,७,८ र ११ गरि ७ वटा वडामा समुदायमा आधारित बालप्रायोजन तथा बाल संरक्षण परियोजना र समावेशी तथा गुणस्तरीय शिक्षा परियोजना लागु गरिएको छ । सरकारले लिएको दिगो विकासको लक्ष्य अनुसार जयपृथ्वी नगरपालिकालाई बालमैन्त्री स्थानीय सासन घोषण गर्न, नगरपालिकामा गुणस्तरीय शिक्षा अभिवृद्धि गर्नका लागि स्थानीय तहसँग संस्था सदैव हातेमालो गर्न तयार रहेको प्रगतिशिल युवा समाजका अध्यक्ष रमेश केसीले बताए ।

सरकारले लिएको दिगो विकासको लक्ष्य अन्तर्गत २ नम्बर लक्ष्य भोकमरी अन्त्यमा सघाउ पुर्‍याउनका लागि जयपृथ्वी नगरपालिकामा यो वर्षबाट थप भोकमरी र कुपोषणको अन्त्य अभियान शुभारम्भ भएको वर्ल्डभिजन इन्टरनेशनल नेपाली बझाङ जिल्ला संयोजक मेनुका मल्ल सिंहले बताइन् ।

यो अभियान सुदुरपश्चिम प्रदेशमा मुख्यमन्त्री कमल शाहले सेप्टेम्बरमा १९ मा सुदुरपश्चिम प्रदेशमा शुभारम्भ गरेका थिए । यो अभियानले बालबालिकाको पोषणमा सुधार ल्याउने समेत संयोजक सिंहको भनाइ छ । सो कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी, लक्षित वर्गका प्रतिनिधि, बाल क्लब आदिको सहभागिता रहेको थियो ।

# फाउण्डेशनले दियो स्वयंसेवी रक्तदाताहरुलाई उपहार




**नेपालगन्ज/मस-** गोपाल-नीना फाउण्डेशन, नेपालगन्जद्वारा आयोजित ‘बृहत् रक्तदान कार्यक्रम’मा रक्तदान गर्ने स्वयंसेवी रक्तदाताहरुलाई उपहार वितरण गरेको छ । पूर्व घोषणा अनुसार गत शनिबार सम्पन्न भएको उक्त ‘बृहत्त रक्तदान कार्यक्रम’मा रक्तदान गर्ने स्वयंसवी रक्तदाताहरुमध्ये चार जना रक्तदाताहरुलाई प्रोत्साहन स्वरुप फाउण्डेशनको कार्यालयमा २ महिला, २ पुरुष तथा दुई जना जनमतका नियमित रक्तदाताहरुलाई उक्त उपहार हस्तान्तरण गरिएको गोपाल-नीना फाउण्डेशनकी सहनिर्देशक डा. तृप्ती पाल रमणले जानकारी दिइन् ।

बाँके जिल्लामा रगतको अभाव भइरहेको अवस्थालाई मध्यनजर गर्दै ‘रक्तदान गरौं : जीवन उपहार दिउँ’ भन्ने नाराका साथ उक्त कार्यक्रमको आयोजना गरिएको र १० जना महिलासहित ५७ जनाले रक्तदान गरेका थिए । उक्त कार्यक्रमका लागि सूचना प्रविधिको माध्यमबाट सहयोग र समन्वयकारी भूमिका निर्वाह गरेका हेल्थ याद आयोको तर्फबाट उक्त बृहत्त रक्तदान कार्यक्रममा रक्तदान गर्ने स्वयंसेवी रक्तदाताहरुलाई थप प्रोत्सादन गर्नका लागि रक्तदान गर्ने सहभागीहरुलाई मोवाइल एपको माध्यमबाट विभिन्न स्वास्थ्य सेवा प्रदान गर्दै आएको हेल्थ याद आयोकोतर्फबाट २ महिला, २ पुरुष तथा जनमतका दुई जना नियमित रक्तदातालाई एक हजार पाँच सय बराबरको हेल्थ प्याकेज, जसमा निःशुल्क डाक्टर परामर्श तथा निःशुल्क रगत संकलन गर्ने विधि पनि समावेश गरिएको उपहार गोला प्रथाबाट निःशुल्क उपलब्ध गराइएको थियो ।

गोपाल-नीना फाउण्डेशनका टेक्नीकल अफिसर विपुल वर्माले दिएको जानकारी अनुसार गोला प्रथाबाट उक्त उपहार पाउने महिला रक्तदातामा प्रभा पोखरेल र सरिता भण्डारी तथा पुरुष रक्तदातामा प्रितम शाह र शिवम् गुप्ता छन् भने विगत १९ वर्षदेखि निरन्तर त्रैमासिक रुपमा रक्तदान कार्यक्रम गर्दै आएको जनमत अर्द्ध साप्ताहिकका नियमित रक्तदाता मध्ये शतक रक्तदाता पवन जायसवाल र दिला शाह छन् ।

उक्त उपहार गोपाल-नीना फाउण्डेशनका सहनिर्देशक डा. तृप्ती पाल रमण र नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाहले रक्तदाताहरुलाई एक कार्यक्रमकाबीच हस्तान्तरण गरेकी थिइन्। सो अवसरमा फाउण्डेशनका सहनिर्देशक डा.तृप्ती पाल रमण, नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेकी अध्यक्ष दिला शाह र जनमत अर्द्ध साप्ताहिक पत्रिकाका सम्पादक पूर्णलाल चुकेले रक्तदान जस्तो महान अभियानमा सहभागी हुने रक्तदाताहरुलाई बधाइ दिँदै हरेक तीन महिनामा त्यसै खेर जाने र नयाँ रक्त कोशिका तयार हुने भएकोले आफ्नो एक पिन्ट रगत दान गरेर अर्को एक जनाको जीवन बचाउने जस्तो पुण्य काममा सहभागी हुन सबै स्वस्थ व्यक्तिलाई आग्रह गरेका थिए ।

# लागुऔषधसहित २ जना पक्राउ

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २० असोज

रुकुम पश्चिमको मुसिकोट नगरपालिका -५ सेरीगाउँबाट अवैध लागुऔषध अफिमसहित दुई जना पक्राउ परेका छन् । जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमले आठ किलो एक सय ग्राम अफिमसहित दुई जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा मुसिकोट नगरपालिका -९ घर भइ हाल वडा नम्वर ५ सेरीगाउँ बस्ने ३६ वर्षीय भिमबहादुर ओली र आठबिसकोट नगरपालिका -२ स्याला बस्ने ३५ वर्षीय अजय यरी रहेका छन् ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक बखत बहादुर शाहीले अवैध अफिमको कारोबार भइरहेको भन्ने विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले शुक्रबार राति अफिमसहित दुई जनालाई नियन्त्रणमा लिएको बताए। उनका अनुसार अफिम कारोबारमा संलग्न ओली र यरीबाट आठ किलो एक सय ग्राम अफिम र तीन वटा मोबाइल समेत बरामद गरिएको छ ।

सेरीगाउँबाट ज्यामडाँडातर्फ जाने पक्की सडकको छेउमा पहेलो रंगको प्लाष्टिकको बोरा यरीले दिँदै गरेको र ओलीले लिँदै गरेको अवस्थामा प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेकाहरुविरुद्ध अवैध लागुऔषध मुद्दा दर्ता गरी रुकुम जिल्ला अदालतबाट जरुरी पक्राउ पूर्जी स्वीकृत गराइ घटनाको थप अनुसन्धान शुरु गरिएको बताए ।


## श्री माध्यमिक विद्यालय विसुनपुर्वा मानपुर
माधवनारयण नगरपालिका-४, रौतहट

**पोखरीको डांक बढाबढ सम्बन्धी सूचना**

(प्रकाशित मितिः २०८१/०६/२०)

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति २०८१/०५/१५ गतेको बसेको बैठकको निर्णयानुसार यस विद्यालयको नाउँमा कायम रहेको साविक गा.वि.स बिसुनपूर्वा मानपुर वडा नं. ०२ (हाल वडा नं.०४ मानपुरको किता नं. २७६ क को जगाको क्षेत्रफल १२-०-० (बाह बिघा) पोखरीको बन्दोबस्ती गर्नको लागि खुल्ला डांक बढाबढको लागि सूचना प्रकाशित गरिएको छ। साथै तपसिलको सर्तको अधिनमा रही ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरु समेतबाट आवेदन दिन हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | विवरण | आवेदन दस्तुर | बोल कबोलको न्यूनतम रकम रु. | डांक बढाबढढ हुने दिन र समय | डांक बढाबढ हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १/२०८१/०८२ | माछा पोखरी | रु .१५००/- | रु .१,४५,६०,०००/- अक्षरेपी रु एक करोड पैतालिस लाख साठी हजार मात्र । | २०८१/०७/१२ गते तोकिनेछ । | श्री मा.वि. विसुनपुर्वा मानपुरको प्राङ्गमा | |

**शर्तहरुः-**

१. पोखरीको संख्या २ (दुई)
२. टेक्काको किसिम :- खुल्ला डांक बढाबढद्वारा
३. निवेदन दिनु पर्ने मिति :- २०८१/०६/२० गतेदेखि २०८१/०७/११ गते आईतवार ३:०० बजेसम्म ।
४. निवेदन दर्ता सम्बन्धमा निवेदन दर्ता गराउन आउँदा विद्यालयबाट रु. १५००।- फिर्ता नहुने गरी रसिद लिई निवेदनको साथमा राखी दर्ता गराउनु पर्छ ।
५. न्यूनतम रकम भन्दा माथीदेखि डांक बोल्नु पर्नेछ ।
६. धरौटी सम्बन्धमा : धरौटीको हकमा नेपाली नागरिक भए ५ र विदेशी भए १०% आफूले कबोल गर्ने रकमको पहिले नै यस विद्यालयको च.हि.न. १७१०१०००००४९७००१ राष्ट्रिय वाणिज्य बैंक गरुडा शाखा कार्यालयमा राखी सक्कल भाउचर यस विद्यालयमा डांक बढाबढ हुनु भन्दा १ घण्टा अगावै पेश गर्नु पर्नेछ। साथै माथि जे लेखिएको भएतापनि न्यूनतम अंकको ५% रकम अंक अनिवार्य रुपमा बैंकमा राख्नु पर्ने र बढी बोलको लागि डांक बोल्ने समय नगद पनि राख्न सकिनेछ ।
७. ठेक्का स्वीकृत भएको सूचनाको पाएको मिति ७ दिनभित्र बोल अंकको १० (दश) किस्तामा गरी प्रथम किस्ताको रकम यस विद्यालयको च.हि.नं. १७१०१०००००४९७००१ राष्ट्रिय वाणिज्य बैंक गरुडाको शाखा कार्यालयमा दाखिला गरी सक्कल भाउचर पेश गरी बाँकीको हकमा बैंक ग्यारेन्टी वा जग्गा वा धनजमानी साथ यस कार्यालयमा उपस्थित भै कबुलियतनामा समेत गरि दिनुपर्नेछ ।
८. ठेक्का स्वीकृतको सूचना पाएको वा घरदैलोमा टाँस भएको ७ (सात) दिनभित्र ठेक्का पट्टा उठाउन नआएमा वा दाखिला गर्नुपर्ने प्रथम किस्ताको रकम दाखिला नगरेमा राखेको धरौटी रकम जफत गरिनेछ र दोस्रो डांक बोल्ने बोल अंक नियमानुसार दोस्रोलाई सूचना दिई सम्झौता गर्न सकिनेछ वा पुनः टेनडर आहवान गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
९. ठेक्का किस्ता रकम बुझाउने तरिकाः- ठेक्काको कुल रकमको ५ (पाँच) वर्ष को १० वटा किस्ता हुनेछ। प्रथम किस्ताको रकम ठेक्का स्वीकृत भएको पत्र पाएको मितिले ७ (सात) दिनभित्र र त्यस पछिको प्रत्येक किस्ता रकम वर्षको २ पटक (६-६) महिना भित्रमा दिनु पर्नेछ ।
१०. बोल कबोलको दिन विद्यायलले आचारसंहिता बनाई लागु गर्ने छ ।
११. यसमा उल्लेखित भएका कुराहरु सोही अनुसार उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, कानून नियम बमोजिम हुनेछ ।
१२. बोल बोल्दा एक-एक पटकमा न्यूनतम रु. २०,०००।- र अधिकतम रु. ५०,०००।- बोल्न पाउने छ ।
१४. ठेक्का किस्ताको रकम सम्बन्धमा कुनै किसिमको मिन्हा दिईने छैन ।
१५. यदि कुनै कारणबस ठेक्का हुन नसकेमा ठेक्कादारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने छैन ।
१६. पोखरीको ठेक्का सकार भएमा लागु हुने मितिः (२०८२।०४।०१ गतेदेखि ५ पाँच वर्षको हुनेछ) ।

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. व्यवसायिक प्रमाणपत्रको प्रतिलिपि (उपलब्ध भएमा) व्यक्तिगत पान नं. समेत सम्लित गर्नुपर्ने ।

**प्रधानाध्यापक**

## Sotang Rural Municipality
### Office of Rural Municipal Executive
Sotang, Solukhumbu, Koshi province, Nepal

**Invitation for Online Bids**

**Date of Publication: 2081/06/20 (06/10/2024)**

1. Sotang Rural Municipality invites bids for following works as given in table below under national competitive bidding.

| S. N. | Contract No | Description of Work | Bid Security Amount (NPR) | Bid Validity Period | Cost of Bid Document (NPR) | Estimated Amount with VAT and PS | Last Date of Bid Submission | Last Date of Bid Opening | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 02/SRM/NCB/2081/82 | Basepu Khanepani Aayojana | 490000/- | 90 days | 3,000.00/- | 19473767.17/- | 2081/07/25 (10-11-2024) 04:00 PM | 2081/07/26 (11-11-2024) 2:00 PM | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at www.bolpatra.gov.np, Office of Rural Municipal Executive, Sotang, Solukhumbu Ward No. 5, Phone 9841323347 and Website: www.sotangmun.gov.np/ Email: ito.sotangrmun@gmail.com
3. Bidders Information to Deposit the cost of bids Document in bank:
   Name of the Bank : Agriculture Development Bank, Solukhumbu
   Name of the Office : Sotang Rural Municipality Office, Solukhumbu
   Office Code No. : 801010908
   Office Account No. : 1125501429939116 (For Bid Document)
   Office Account No. : 1125501429939035 (For Bid Security)
4. If the Date of purchasing and / or Submission falls on a Government holidays, then the next working day shall be Consider as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission. Clients have full right to accept and reject the bid with no justification.

**Acting Chief Administrative Officer**

## Sabhapokhari Rural Municipality
### Office of the Rural Municipal Executive
**Barhabise, Sankhuwasabha**
**Koshi Province, Nepal**

**Invitation For Electronic Bids**

Date of publication: 2081-06-21

1. Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha invites electronic bids from eligible bidders for the construction of the following works :-

| Contract No. | Description of work | Estimated Amount (in Rs. Without Vat ) | Bid Security Amount (in Rs.) | Bid Document Fee (in Rs.) | Last Date of Bid Submission | Bid Opening Date | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| SPRM/UBS/NCB/04/081/082 | Procurement and Supply of Medicine and Surgical Items | **22,73,278.50** | **60,000** | 3,000 | 2081/07/30 before 12:00 hrs | 2081/07/30 at 13 hrs | 90 days | 120 days |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha, email:- savapokharimun@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.**

2 Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document as mentioned above in the Project's Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: Prime Commercial Bank Ltd., Sabhapokhari Branch**
**Name of Office : Sabhapokhari Rural Municipality, Barhabise, Sankhuwasabha**
**Office Code No:- 801010409**
**Antarik Rajaswa Account No.: 06901000000022200177 (for bid document purchase**
**Rajaswa (Revenue) Sirshak No. :- 14229**
**Dharauti Account No :- 06901000000023100160 (for bid security deposite)**

3. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing rules and regulations of Nepal.
4. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# इजरायल–हमास युद्ध अन्त्यका लागि बेलायत, जर्मनी र फ्रान्सको आग्रह



**काठमाडौं/एजेन्सी–** इजरायल-हमास युद्ध तत्काल रोक्न युद्धविराम गरिनुपर्ने बेलायत, जर्मनी र फ्रान्सले बताएका छन्। बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले इजरायल र हमासबीचको एक वर्ष लामो द्वन्द्व अन्त्य गर्न सबै पक्ष संयमित बन्नुपर्ने र गाजामा युद्धविराम गरिनुपर्ने बताएका छन्।

गाजा युद्धको प्रभावले बेलायतमा पनि सामुदायिक सम्बन्धमा असर पारेको उनले बताए। उनले युद्धविरामको विकल्प नरहेको बताए । प्यालेस्टिनी लडाकु समूहले अक्टोबर ७ मा इजरायलविरुद्ध गरेको अकल्पनीय आक्रमणको एक वर्ष पुग्नुभन्दा एक दिन अगाडि आफ्नो धारणा राख्दै स्टार्मरले सन्डे टाइम्समा लेखेका छन्, 'यसले हाम्रो आफ्नै समुदायमा पनि विवाद सिर्जना गरेको छ ।'

'इजरायल र मध्यपूर्व हाम्रो देशको इतिहासबाट अविभाज्य मात्र होइनन्। उनीहरूको हाम्रो बहुसांस्कृतिक समाजसँग गहिरो सम्बन्ध छ,' स्टार्मरले भने, 'लाखौंको यस क्षेत्रसँग पारिवारिक सम्बन्ध छ ।'

अक्टोबर ७ मा भएको आक्रमणपछि इजरायलले गाजा पट्टीमा निरन्तर बमबारी गर्दै आएको छ । पछिल्लो दुई हप्तामा लेबनानमा इजरायलले हमासको इरान समर्थित लडाकु समूह हिजबुल्लाहविरुद्ध गरेको आक्रमण र इरानले इजरायलमाथि प्रहार गरेको ब्यालेस्टिक क्षेप्यास्त्रका कारण द्वन्द्व थप चर्किएको छ ।

स्टार्मरले 'इरानी आक्रमणको सामना गर्न बेलायत इजरायलको साथमा उभिने' बताए पनि 'अर्को पुस्तालाई आघात, अनाथ र विस्थापित गरेर राम्रो भविष्यको सुनिश्चितता नहुने बताए। 'अक्टोबर ७ को आक्रमणको वर्षगाँठले हामीलाई राजनीतिक असफलताको मूल्यको सम्झना दिलाउनुपर्छ,' उनले भने, 'ठूलो अस्थिरतामा कुनै सुरक्षा फेला पर्नेछैन ।'

गत वर्ष हमासले गरेको आक्रमणमा परी एक हजार २०५ जनाको मृत्यु भएको थियो । इजरायलले गाजामा हमासविरूद्ध चलाएको जवाफी कारबाहीमा गाजामा कम्तीमा ४१ हजार ८७० जनाको मृत्यु भएको छ । दुवै पक्षको आक्रमणमा ज्यान गुमाएका व्यक्तिमध्ये अधिकांश सर्वसाधारण थिए ।

हमासको आक्रमणको एक बर्षको पूर्वसन्ध्यामा लण्डनलगायत विश्वभरि युद्धविराम गर्न दबाब दिन विश्वका अधिकांश प्रमुख सहरहरूमा प्रदर्शन गरिएको छ । पछिल्लो एक वर्षमा बेलायतमा यहूदी र मुस्लिम समुदायविरुद्ध 'घृणित हिंसा' बढेको भन्दै स्टार्मरले भने, 'हाम्रो भिन्नता र विविधताले हामीलाई अलग्याउने होइन अझ बलियोसँग बाँधेर राख्नुपर्छ ।'

बेलायतस्थित धार्मिक संघसंस्था तथा तीनका नेताहरूले पनि आइतबार सन् २०२४ को अगस्ट ७ (आक्रमणको एक बर्ष पुगेको दिन) जनताका लागि 'सबै प्रकारका पूर्वाग्रह र घृणा' लाई अस्वीकार गर्ने अवसर हुनुपर्ने बताएका छन् ।

क्यान्टरबरीका आर्कबिशप जस्टिन वेल्बी, प्रमुख रब्बी एप्रैम मिरविस र मस्जिद र इमामहरूको राष्ट्रिय सल्लाहकार बोर्डका अध्यक्ष इमाम कारी असिमले एक संयुक्त पत्र लेख्दै भनेका छन् कि उनीहरू 'सर्वसाधारण इजरायली र गाजाबासीको दुःखलाई अन्त्य गर्न ऐक्यवद्ध छन् ।

संयुक्त पत्रमा भनिएको छ, 'यो चुनौतीपूर्ण समयमा हामीलाई विभाजन गर्न खोज्नेहरूलाई पनि हामीले अस्वीकार गर्नुपर्छ । यहूदी विरोधी घृणा र मुस्लिम विरोधी घृणाको आज बेलायतमा कुनै स्थान छैन ।'

गाजा युद्धको सोमबार एक वर्ष पुग्ने र यसको पूर्वसन्ध्यामा आइतबार फेरि जर्मनीका चान्सलर ओलाफ स्कोल्जले युद्धविरामको आह्वान गरेका छन् । 'दुर्भाग्यवश, इजरायलमा हमासले गरेको आतङ्ककारी आक्रमणको यो पहिलो वर्षगाँठमा मध्यपूर्वमा शान्ति वा मेलमिलाप पहिलेभन्दा धेरै टाढा देखिन्छ,' स्कोल्जले एक भिडियो सन्देशमा भने ।

जर्मन सरकारले युद्धविरामका लागि निरन्तर वकालत गरिरहेको छ। उनले भने, 'द्वन्द्वरत पक्षले अब अरू ढिला गर्नुहुन्न युद्धविरामको घोषणा गरिहाल्नुपर्छ ताकि गाजा पट्टीमा नागरिक जनसङ्ख्यालाई अझ राम्रो संरक्षण गर्न सकियोस् र निःसन्देह, अझ राम्रो हेरचाह गर्न सकियोस् र इजरायली बन्धकहरूलाई रिहा गर्न सकियोस् ।'

यसअघि, शनिबार फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले इजरायललाई गाजामा प्रयोग गर्नका लागि हतियार वितरणमा रोक लगाउन आह्वान गरेका थिए । म्याक्रोँले लेबनानमा स्थल कारबाहीका लागि नेतन्याहूले सेना पठाउने निर्णयको पनि आलोचना गरेका थिए ।

